## विशेष इजलास

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६० सालको रिट नं. ३२, उत्प्रेषण समेत, *राजबहादुर शाह वि. मन्त्रिपरिषद् सचिवालय समेत*

No Taxation without Representation भन्ने मान्यतामा आधारित संविधानको प्रावधानले सारतः विधायिकी प्रवन्धबिना कार्यकारिणीको आदेश वा निर्णयद्वारा करको दर निश्चित् गर्न नमिल्ने भन्ने अर्थबोध गराउँछ । कर उठाउने विषय जनताका प्रतिनिधिद्वारा मात्र निर्क्यौल गरिनुपर्ने भन्ने मान्यतालाई नेपालको सन्दर्भमा हेर्दा तत्कालीन विधायिका अर्थात् संसदले कानून बनाएर करको दर निर्धारण गर्नसक्ने र कार्यकारिणीले त्यसको कार्यान्वयन गर्ने व्यवस्थाका रूपमा बुझ्न सकिने ।

ऐनले स्पष्ट रूपमा प्रतिलब्धि दर तोकेको र सोभन्दा घटी देखाइएको अवस्थामा मूल्य अभिवृद्धि कर विभागले निर्देशन दिएबमोजिम हुने भनी उल्लेख भएको अवस्थामा मूल्य अभिवृद्धि कर विभागलाई अन्तःशुल्क असूलउपर गर्ने गरी निर्देशन दिनसक्ने अधिकार नभएको भन्न नमिल्ने ।

संविधानले नै महालेखा परीक्षकलाई सरकारी कार्यालयले लेखा परीक्षण गर्ने गरी अधिकार प्रदान गरेको परिप्रेक्ष्यमा लेखा परीक्षण गर्ने अधिकारअन्तर्गत लेखा परीक्षणका क्रममा देखिएका त्रुटि औंल्याउने, बेरूजु जनाउने, त्यस्तो त्रुटि सच्याउन र बेरूजु असूलउपर गर्नु भनी निर्देशन दिने समेतको अधिकार अन्तर्निहीत हुँदा संविधानप्रदत्त त्यस्तो अधिकारमा संकुचन ल्याउने गरी यस अदालतबाट व्याख्या हुन नसक्ने ।

उद्योग स्वयंले नै कानूनले तोकेभन्दा कम उत्पादन देखाई कम अन्तःशुल्क बुझाएको अवस्थामा ६ महिनाको समयसीमा लगाई त्यसभन्दा पछि अन्तःशुल्क असूली गर्नै नपाइने भनी व्याख्या गर्न मिल्ने नदेखिने ।

संविधान र कानूनबमोजिम राजश्व लगायतका समस्त आम्दानी र धरौटी समेतको लेखाको मूल्याङ्कन गर्ने र असूल तहसील गर्ने, गर्न लगाउने समेतको अधिकार महालेखा परीक्षकमा निहीत रहेको र आर्थिक ऐन, २०५४ ले मूल्य अभिवृद्धि कर विभागलाई समेत निश्चित् अधिकार प्रदान गरेको परिप्रेक्ष्यमा सोही अधिकारअन्तर्गत दिइएको निर्देशन र कानूनले तोकेको दरभन्दा घटी अन्तःशुल्क असूल भएको अवस्थामा त्यसरी तालुक निकायबाट प्राप्त भएका निर्देशन समेतलाई निर्णयाधार बनाई आर्थिक ऐन, अन्तशुल्क ऐन र अन्तशुल्क नियमहरू समेतका आधारमा जावलाखेल डिष्टिलरी प्रा.लि. बाट घटी भए जति अन्तःशुल्क असूलउपर गर्ने र जरीवाना समेत हुने ।

कानून र सम्बन्धित निर्णय समेतबाट उपचारको मार्ग खुलाइएको र सो मार्ग अपर्याप्त वा प्रभावहीन भन्ने पनि नदेखिएको अवस्थामा कानून र निर्णयमा उल्लेख भएबमोजिम पुनरावेदन नगरी सीधै यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गतबाट उपचारको माग गरेको देखिँदा सो आधारमा पनि निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CF-००११, CF-००१२, CF-००१३, भ्रष्टाचार, *धर्मराज भण्डारी वि. नेपाल सरकार, नारदमणि काफ्ले वि. नेपाल सरकार, नेपाल सरकार वि. नारदमणि काफ्ले समेत*

पैठारी गरिएको गाडीको प्रज्ञापनपत्र भरेको र भन्सार तिरेको आधारमा मात्र गाडी यातायात कार्यालयमा दर्ता नामसारी वा ठाउँसारी गर्ने कार्य हुन्छ । प्रज्ञापनपत्र र भन्सार तिरेको रसीदको अभावमा गाडी दर्ता गर्ने गराउने कार्य स्वतः कानूनविपरीत हुने ।

केवल प्राविधिक कर्मचारीले दिएको प्रतिवेदनको आधारमा निर्णय गरेको भन्दैमा अन्य आवश्यक प्रमाणको अभावमा गरेको निर्णयले वैधानिकता पाउने र प्रतिवादीहरूले दावीबाट उन्मुक्ति

पाउने आधार बन्न सक्दैन । यसरी आफूले अनिवार्य रूपमा बुझ्नुपर्ने आवश्यक प्रमाण नबुझी कुनै स्रेस्ता वा प्रमाणबाट पुष्टि नभएको विवरण उल्लेख गरी गाडी नामसारीको निर्णय गर्न प्रतिवादीहरूको कामकारवाही अज्ञानतावस वा सामान्य लापरवाहीसाथ गरिएको र त्यसमा निजहरूको बद्नियत थिएन भन्न सकिने आधार नदेखिने ।

इति संवत् २०६८ साल पुस ७ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** फौ.पु.नं. २०६६-CR-००९३, थुनुवा भागे भगाएको, *नेपाल सरकार वि. राजेश रौनियार*

पुनरावेदन अदालतले प्रतिवादीलाई सफाइ दिँदा आधार लिएको यिनै प्रतिवादीउपर चलेको डाँका मुद्दाबाट निजले सफाइ पाएको अवस्थामा कारागार ऐन, २०१९ को दफा २४(४) बमोजिम सजाय हुन जुन पूर्वावस्था उल्लेख गरिएको छ, ती पूर्वावस्थाहरू विद्यमान नरहेको स्थितिमा मुलुकी ऐन, दण्ड सजायको महलको १२ नं. को कानूनी व्यवस्थालाई अनुशरण गर्नुपर्ने हुन्छ । सो १२ नं. मा "यो ऐनको विभिन्न महल वा प्रचलित कानूनमा लेखिएको कुनै काम कुरा कसूर हुनेमा सो कसूरका निमित्त सम्बन्धित महल वा प्रचलित कानूनमा सजायको खास व्यवस्था गरिएको रहेनछ भने त्यस्तो कसूरको प्रकृति र अवस्थाका विचारले पाँच हजार रूपैयाँसम्म जरीवाना हुनेछ" भन्ने व्यवस्था भैरहेको देखिन्छ । यस्तो अवस्थामा प्रस्तुत मुद्दामा प्रत्यर्थी प्रतिवादी राजेश रौनियारउपर चलेको डाँका मुद्दामा निजले सफाइ पाइसकेको अवस्थामा कारागार ऐन, २०१९ को दफा २४(४) बमोजिम निज कारागारको कैदबाट भागेको भनी अभियोग लगाइएको प्रस्तुत मुद्दामा सजाय गर्न नमिल्ने भनी पुनरावेदन अदालतले गरेको व्याख्या कानूनसम्मत् नदेखिने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

संवत् २०६८ साल मंसिर १८ गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. २०६६-CI-००२६, दर्ता बदर, हक कायम, *काजीबहादुर तको वि. हेराबहादुर तको*

विवादित जग्गाको सम्बन्धमा पुनरावेदक वादीले उल्लेख गरेको साविक लगत रै.नं. १०३।११ को खेत रोपनी ३॥ मध्येको जग्गा भन्ने भएकोमा विवादको कि.नं. १९ मा ०-४-०-० मात्र देखिन आउँछ । सो साविक लगतको बाँकी जग्गा के कुन व्यहोराबाट दर्ता भएको छ वा दर्ता हुन बाँकी रहेको छ भन्ने बारेमा वादीले केही उल्लेख गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा वादीले देखाएको लगतबाट विवादको जग्गा भिड्ने देखिँदैन । यस स्थितिमा विवादित कि.नं. १९ को जग्गामा पुनरावेदक वादीको हक पुग्न सक्ने देखिएन । अतः प्रतिवादीको साविक लगत, जग्गा दर्ता समितिको सिफारिश, स्थलगत सर्जमीन, नापीका बखत खडा भएको क्षेत्रीय दर्ता किताबलगायतका प्रमाणहरूबाट विवादको कि.नं. १९ को जग्गा प्रतिवादी हिराबहादुर तकोको नाममा दर्ता गर्ने गरी भएको मालपोत कार्यालय, काठमाडौंको मिति २०५२।७।२१ को निर्णय बदर गरी हक कायम गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल कात्तिक १६ गते रोज ४ शुभम् ।

- यसै लगाउको फौ.पु.नं. २०६६-CR-००२७, जालसाजी, *काजीबहादुर तको वि. हेराबहादुर तको समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०६४-WO-०२५९, उत्प्रेषण समेत, *पुरुषोत्तम श्रेष्ठ वि. निर्वाचन आयोग, कान्तिपथ समेत*

निवेदक पुरुषोत्तम श्रेष्ठले आफूलाई विपक्षी कार्यालय प्रमुखबाट तोकिएको जिम्मेवारी पूरा नगरेको

कुरा रिट निवेदनमा स्वीकार गरेको देखिँदा निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरण पालना नगरेको अवस्थामा निजामती सेवा ऐन, २०४९ र ऐ. नियमावली, २०५० का आचरण, अनुसन्धानसम्बन्धी प्रावधानहरूका अधीनमा रही कार्यालय प्रमुखले कारवाही गर्नसक्ने नै देखिँदा यी रिट निवेदक पुरुषोत्तम श्रेष्ठलाई गरेको सामान्य चेतावनीको कारवाहीमा कुनै कानूनी त्रुटि नदेखिँदा उक्त चेतावनीको कारवाहीलाई बदर गर्नुपर्ने अवस्था नदेखिँदा उक्त निर्णय तथा विपक्षी निर्वाचन कार्यालयका प्रमुख र निजले गरेको निर्णयउपर परेको पुनरावेदनमा निर्वाचन आयोगबाट भएको निर्णय समेत बदर गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०६५-WO-०४७७, उत्प्रेषणयुक्त परमादेश समेत, *अंकिता प्लाष्टिक इण्डष्ट्रिज वि. वीरेन्द्र साह तेली* समेत

विपक्षी वीरेन्द्र साहलाई निवेदक अंकिता प्लाष्टिक इण्डष्ट्रिजले अवकाश दिने गरी गरेको निर्णय बदर गर्ने गरेको श्रम अदालतको फैसला बदर गरिपाऊँ भनी दायर गरेको प्रस्तुत रिटको प्रयोजन पूरा हुने गरी विपक्षी वीरेन्द्र साह तेली स्वयंले राजीनामा दिएको र उक्त राजीनामा निवेदक प्रतिष्ठानबाट स्वीकृत समेत भैसकेको र प्रस्तुत रिट निवेदकका वारेसले समेत रिट निवेदनको औचित्य समाप्त भएको भनी निवेदन समेत दिएको हुँदा प्रस्तुत रिटको औचित्य समाप्त (Infructous) भएको देखियो । यसरी रिट निवेदनको औचित्य समाप्त भैसकेको विषयमा विवादित विषयको तथ्यभित्र प्रवेश गरी न्याय निरोपण गर्न आवश्यक नदेखिएकोले रिट निवेदन मागबमोजिम आदेश जारी गर्न परेन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः रामशरण तिमल्सेना

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको रिट नं. WO-३५१३, उत्प्रेषण, परमादेश लगायत, *गुडिया कुर्मिनी वि. हमिद पठान समेत*

निवेदिकाले आफ्नो रिट निवेदनमा पति गंगाराम कुर्मी २०४६ सालमा परलोक भइसकेपछि २०४८ सालमा अंशियारहरूको बीचमा विवादित जग्गाहरू अंशबण्डा भएको भनी उल्लेख गरेकोमा उक्त अंशबण्डाअनुसार मौकैमा आ-आफ्नो नाममा बण्डापत्रअनुसार जग्गा दा.खा. नामासारी दर्ता स्रेस्ता गराउनु पर्ने यी निवेदिका समेतले विवादित जग्गा विपक्षीहरूको नाममा २०३७ सालदेखि दर्ता भएको कुरालाई लिएर २०६३ सालमा करीव २५ वर्षभन्दा बढी अवधि व्यतीत भएपछि प्रस्तुत रिट निवेदन गर्न आएको देखिन्छ । यसरी विवादित जग्गा गंगारामकै जीवनकालमा विभिन्न मितिमा विपक्षीहरूको नाममा दर्ता हुने गरी भूमिसुधार कार्यालयबाट भएको निर्णय तथा जग्गाधनी दर्ता स्रेस्ता तयार गरेको मालपोत कार्यालयको कामकारवाहीउपर निज गंगारामले मौकैमा कुनै उपचार नखोजी निजको मृत्यु भएको करीव १७ वर्षपछि प्रस्तुत रिट निवेदन गर्न आएको देखिँदा प्रस्तुत रिट अति बिलम्ब गरी उपचार खोज्न आएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल बैशाख ५ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०९१६, निषेधाज्ञा, *रामकुमारी तामाङ समेत वि. राधा कुँवर*

विपक्षी रिट निवेदक राधा कुँवरले शुरू रिट निवेदनसाथ पेश गरेको जग्गाधनी प्रमाण पूर्जा छायाँप्रति हेर्दा कि.नं. ९४१३ को जग्गा निज राधादेवीको एकलौटी आवादी भन्ने देखिन्छ । उक्त जग्गालाई यी विपक्षीहरूले अन्यथा भन्न गराउन सकेको देखिँदैन । उक्त जग्गामा हामीहरूले हस्तक्षेप गर्नुपर्ने आश्यकता छैन भनी उक्त कि.नं. ९४१३ को जग्गा निवेदिकाकै भएको स्वीकार

गरी यी पुनरावेदकहरूले लिखितजवाफ फिराएको देखिन्छ भने निजहरूले कि.नं. ७२०९ को कित्तामा बसी आएका छौं भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ। यस्तो अवस्थामा कि.न.. ९४१३ को जग्गा निवेदिका राधा कुँवरको एकलौटी हकभोगको आवादी जग्गा भएको भन्ने देखिँदा उक्त जग्गामा रिट निवेदक राधा कुँवरले घर निर्माण गर्न पाउने कुरामा विवाद हुन नसक्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०४११, निषेधाज्ञा, *शम्शेरबहादुर गुरुङ्ग वि. द्रोणभक्त खरेल*

कुनै तथ्ययुक्त आधार र प्रमाणबिना प्रतिरक्षीहरूले यी पुनरावेदकले रिट निवेदनमा जिकीर गरेअनुरूप गुण्डा लगाएको वा लगाउनुपर्ने भन्ने कुरा वस्तुनिष्ठ तवरबाट स्थापित भएको देखिँदैन । अदालतले कुनै तथ्य, कारण र भरपर्दो आधारबिना केवल निवेदकको जिकीरको भरमा आदेश जारी गर्न सक्दैन । निर्विवाद र वस्तुनिष्ठ प्रमाणको विद्यमानतामा मात्र निषेधाज्ञा जारी हुन सक्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं.०२८२, हिसाब यकीन गराईपाऊँ, *गुठी संस्थान सञ्चालक समिति, केन्द्रीय कार्यालय समेत वि. राममणि जंगम*

गुठी संस्थान ऐन, २०३३ को दफा १९ बमोजिम सम्पूर्ण हक अधिकार गुठी संस्थानमा सरिसकेको जंगम मठमा हाल प्रत्यर्थी वादीको कुनै हक अधिकार कायम रहेको भन्ने देखिन नआएको र उक्त गुठीलाई निजी कायम गरिपाऊँ भन्ने तथा सो गुठीको धर्मलोप समेतमा दावी लिई यिनै पक्ष विपक्षबीच भक्तपुर जिल्ला अदालतमा विभिन्न मुद्दाहरू दायर भई हाल मुल्तवीमा रहेको देखिएकोले सो जंगम मठको वार्षिक आम्दानी खर्च र मठको सम्पत्ति समेतको हिसाब किताब गराई पाऊँ भन्ने विषयमा परेको प्रयोजनहीन वादीको फिराद दावी नपुग्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत २१ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको दे.पु.नं. ८५८६, परमादेश, *राममणि जंगम वि. सञ्चालक समिति, गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

जंगम मठमा पाँच वर्षका लागि २०५६।६।६ मा महन्त पदमा नियुक्त यी निवेदकको पदाधिकार समाप्त भैसकेको र उक्त जंगम मठमा यी निवेदकको अन्य कुनै हक अधिकार रहेको छ भनी निवेदकले भन्न नसकेको तथा विपक्षीहरूबाट निवेदकको के कुन कानूनले प्रदान गरेको हकाधिकार आघातीत भएको हो निवेदनमा सो खुल्न नसकेको समेतका आधार प्रमाणबाट निवेदकको मागबमोजिम परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता रहेको नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत २१ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६६ सालको WO-०१४४, (०६८-FN-००१०) प्रतिषेध लगायत, *नरेन्द्रकुमार केडिया समेत वि. रामकुमार गुप्ता रौनियार समेत*

आशा गुप्ताको घरमा लुटपीट भएको भनिएको विषयमा अदालतमा लुटपीट मुद्दा विचाराधीन रहेको र जिल्ला प्रशासन कार्यालयले जिल्ला प्रहरी कार्यालय पर्सालाई निवेदकलाई उपस्थित गराउन पत्राचार गरेको भन्ने तथ्यमा विवाद देखिएन । विपक्षी जिल्ला प्रशासन कार्यालयले लिखित जवाफमा शान्ति सुरक्षाको कारणबाट बुझ्न पत्राचार गरिएको भन्ने व्यहोरा उल्लेख गरे पनि सो विषय प्रत्यक्ष रूपमा शान्ति सुरक्षाको विषयसँग सम्बन्धित छ भन्ने कुरा लिखित जवाफबाट प्रष्ट भएको देखिँदैन । शान्ति सुरक्षाको विषयमा पनि विपक्षीहरूलाई

प्राप्त अधिकार कानूनबमोजिम प्रयोग गर्न सकिने हुन्छ । कानून कार्यान्वयन गर्ने निकायहरूले आफूलाई प्राप्त जिम्मेवारी कानूनबमोजिम सम्पन्न गर्नुपर्ने ।

अदालतमा विचाराधीन मुद्दालाई प्रत्यक्ष प्रभाव पर्ने गरी उजूरी निवेदन लिई सुन्न तथा सोही विषयलाई लिएर निवेदकहरूको संविधान तथा कानूनप्रदत्त अधिकारलाई हनन् गरी आफ्नो अधिकारक्षेत्रको विषयभन्दा बाहिर गएर पक्राउ गर्ने लगायतका कानूनले अख्तियार नदिएको कार्य गर्न मिल्ने हुँदैन । लुटपीटको मुद्दा परिसकेको प्रमाणबाट देखिएको हुँदा त्यस्तो विषयमा अन्य कुनै कारण देखाई उजूरी सुनी निर्णय गर्ने अधिकारक्षेत्र विपक्षीहरू गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय तथा प्रहरी कार्यालय समेतलाई नभएको हुँदा यस अदालतबाट प्रतिपादन भैरहेका सिद्धान्तहरू विपरीत हुने गरी निवेदकको मागबमोजिम निवेदकहरूलाई यसै विषयमा पक्राउ गर्नेलगायतको कुनै कार्य नगर्नु नगराउनु भनी विपक्षी गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय पर्सा, जिल्ला प्रहरी कार्यालय पर्सा र वडा प्रहरी कार्यालय विर्ता पर्साको नाममा प्रतिषेधको आदेश जारी हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल साउन १८ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** संवत् २०६६ सालको WO-०३४७, उत्प्रेषण समेत, *शंकरप्रसाद दाहाल समेत वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी समेत*

निवेदकहरूले निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम हुने बढुवा नियुक्ति मिति २०६४।१२।४ मा लिई त्यसलाई स्वीकार गरी सोअनुरूपको सुविधा समेत उपभोग गरिसकेपछि त्यसको झण्डै एकवर्षको अन्तरालपछि मिति २०६६।१।४ मा प्रकाशित ऐनको दफा २४ बमोजिम कार्यक्षमताको आधारमा हुने बढुवा नामावलीमा समेत आफ्नो नाम समावेश हुनुपर्दछ भनी तर्क गर्नु निजामती सेवा नियमावली २०५० को नियम ८७ख२ को कानूनी व्यवस्थाअनुरूप मिल्ने देखिन नआउने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

इति संवत् २०६८ साल बैशाख १३ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको WO-०७७०, उत्प्रेषण समेत, *मो.आकुल मियाँ समेत वि.जिल्ला शिक्षा कार्यालय, सिरहा समेत*

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पद कुनै लाभ वा राजनीतिक प्रकृतिको पद नभई सामाजिक सेवाको पद भन्ने देखिन्छ । सामाजिक सेवाको पदमा बसी काम गर्न कुनै राष्ट्रसेवक स्थायी कर्मचारीलाई कुनै पनि नेपाल कानूनले बन्देज लगाएको भन्ने देखिँदैन । तसर्थ निज विपक्षी रामप्रसाद यादवलाई व्यवस्थापन समितिको अध्यक्ष पदमा छनौट गर्ने कार्य कानूनतः नमिल्ने भन्ने नदेखिने ।

राष्ट्रिय प्राथमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन हुने बारेको सूचना शिक्षा नियमावली, २०५९ को नियम २३(१) बमोजिम सो विद्यालयमा ७ दिन अगावै प्रकाशित भई शिक्षा ऐन, २०२८ को दफा १२(१) को कानूनी प्रक्रियाबमोजिम व्यवस्थापन समितिको गठन भएको भन्ने देखिएको, सो विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा उजूरीउपर छानबीन भई जिल्ला शिक्षा कार्यालय, सिरहाबाट सो समितिलाई नै आफ्नो कामकाज सुचारू गर्न पत्राचार भएको देखिएको र यसै विषयमा निवेदक पुनमकुमारी चौधरीले दिएको संवत् २०६६ सालको रिट नं. १९४ को निषेधाज्ञा मिश्रित परमादेश मुद्दामा निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।११।२३ मा फैसला भई सो अन्तिम भई बसेको तथा विद्यालय व्यवस्थापन समिति गठन भएको दुई वर्षभन्दा बढी समयको अन्तरालमा विलम्ब गरी प्रस्तुत निवेदन पर्न आएको समेतका आधार र कारणबाट निवेदकको मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख १३ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको WO-०९०६, उत्प्रेषण समेत, *रीता वैद्य वि. नेपाल बंगलादेश बैंक लि., नयाँ बानेश्वर*

निवेदक रीता वैद्य फेसन इण्डष्ट्रिज प्रा.लि. को सञ्चालक शेयरधनी रहेकै अवस्थामा विपक्षी बंगलादेश बैंकबाट सो कम्पनीले कर्जा लिएको देखिएको सो कर्जा बाँकी छँदै यी निवेदकले सो कम्पनीमा रहेको आफ्नो शेयर बिक्री गरेको भन्ने देखिएको सो कम्पनीले लिएको कर्जा हालसम्म पनि नतिरे नबुझाएको कारण यी निवेदक समेतलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(१०) को कानूनी व्यवस्था अनुरूप विपक्षीबाट कालोसूचीमा राखिएको र त्यसरी कानूनअनुरूप कालोसूचीमा राखिएको कार्यबाट निवेदकको कुनै मौलिक वा कानूनी हकको हनन् नहुने भनी यस अदालतबाट नि.नं. ७८७२ मा नजीर सिद्धान्त समेत कायम भैसकेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख १३ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको CR-०४३०, कुटपीट लुटपीट, *सुरेश जोशी वि. राजेश जोशी समेत*

वादीको फिराद लेखबाट प्रतिवादीहरूले वादीबाट नगद रू. ३,५४,९००।- लुटपीट गरेको भन्ने नदेखिई राष्ट्रिय वाणिज्य बैंक कावासोती नवलपरासीमा रहेको वादीको खाताको चेकमा जवर्जस्ती सही गराई उक्त चेकबाट रकम निकाली लुटपीट गरको भन्ने उल्लेख भएको देखिन्छ। चेकमा जवर्जस्ती सही गराएको भन्ने क्रियालाई लुटपीटको परिभाषाले समेट्ने नभई सो क्रिया करकापबाट भए गरेको भन्ने देखिन आउँछ। यस्तो अवस्थामा पुनरावेदक वादीले अ.बं. ३८ नं. अनुरूप करकापतर्फ नालिस दिन नसकी लुटपीटतर्फ लिएको दावी मुनासिब देखिन नआएकोले प्रतिवादीहरूले लुटपीट गरेको हुँदा बिगो भराई पाऊँ भन्ने वादीको पुनरावेदन जिकीर नपुग्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-१११३, उत्प्रेषण, परमादेश, *मुकुन्दभक्त श्रेष्ठ वि. ऋण असूली न्यायाधीकरण समेत*

वैकल्पिक उपचारको सिद्धान्त रिट क्षेत्राधिकारका सम्बन्धमा लागू हुने सिद्धान्त हो। कुनै हक अधिकार हनन् भएको स्थितिमा सो उपचारको लागि कानूनमा वैकल्पिक व्यवस्था भएसम्म सो अवलम्बन नगरी रिटको क्षेत्राधिकार आकर्षित हुँदैन भन्ने हो। कानूनको कुनै हक अधिकारको सिर्जना गर्दा यस्ता हक अधिकारमाथि आघात पुग्न गएमा उपयुक्त उपचारको पनि व्यवस्था गरेको हुन्छ। भनिन्छ जहाँ अधिकार छ, त्यहाँ उपचार पनि हुन्छ। (Ibijus ubi remedium) कसैको कानूनप्रदत्त हक अधिकारमा आघात पुग्न सोही कानूनमा व्यवस्थित उपचार अवलम्बन गर्नु पर्दछ भन्ने मान्यतामा वैकल्पिक उपचारको सिद्धान्त (Doctrine of Alternative Remedy) आधारित छ।

आफ्नो सुविधा वा धरौट राख्ने दायित्व छल्न रिट निवेदनमा आउन पाइने भने हुँदैन। न पुनरावेदकीय अधिकारक्षेत्रमा उठाउन पाइने र हेरिनु पर्ने प्रश्न असारधारण अधिकारक्षेत्रका लागि विचारणीय हुन्छ न त असाधारण अधिकारक्षेत्र साधारण अधिकारक्षेत्रको पर्यायवाची हुन नै सक्दछ। वैकल्पिक उपचारको विद्यमानता रहेको अवस्थामा समेत अत्यन्त सीमित कारणमा असाधारण अधिकारक्षेत्र आकर्षित हुन्छ। अधिकारक्षेत्रको अभावको प्रश्न र मौलिक हकको गम्भीर अपहरण भई साधारण उपचार प्रभावकारी हुन नसक्ने प्रश्न तथा बन्दीप्रत्यक्षीकरणको रिटका हकमा सामान्यतया वैकल्पिक उपचार बाधक हुँदैन। प्रस्तुत सैद्धान्तिक कसीमा प्रस्तुत विवादको आँकलन गर्दा समेत प्रस्तुत विवादमा पनि पुनरावेदनको उपचार हुँदाहुँदै असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्नसक्ने कुनै आधार रिट निवेदकले देखाउन सकेको पाइन्न। के कति धरौट राख्नुपर्ने र आफ्नो दायित्व कति हो यकीन भएन भन्दै प्रस्तुत रिट निवेदन दायर गरिएको छ।

२०६६।१२।२४ मा दायित्व यकीन गरिपाउन निवेदन दिएको भन्दै तत्सम्बन्धमा अन्य प्रयास के भयो केही नखोली कानूनद्वारा कुल रकमकै ३० प्रतिशत धरौट राख्नु पर्ने स्पष्ट हुँदाहुँदै मिति २०६७।२।७ मा दायर भएको रिट केवल वैकल्पिक उपचारलाई छल्ने उद्देश्यले दायर भएको देखिने ।

प्रचलित कानून बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को पुनरावेदन गर्न पाउने कानूनी हकको व्यवस्थालाई बिलकुल बेवास्ता गरी यस अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखिन्छ । निवेदकले कानूनबमोजिम पुनरावेदन गरी उपचार पाउन सक्ने हक सुरक्षित गरिहेकोमा सोको प्रयोग गरेको देखिँदैन । निवेदकको मागबमोजिम यस अदालतले आफ्नो असाधारण अधिकार प्रयोग गरी कानूनद्वारा अधिकारयुक्त पुनरावेदकीय निकाय पुनरावेदन न्यायाधीकरणको ठाउँ लिने वा सो निकायको अधिकार प्रतिसंहरित गरी कारवाहीको प्रक्रिया नै निरर्थक तुल्याउने गरी हस्तक्षेप गर्नु उचित र तर्कसंगत हुन नआउने ।

ऋण असूली न्यायाधीकरणको मिति २०६६।४।२६ को फैसलाउपर कानूनबमोजिमको पुनरावेदन गर्ने मार्ग अवरूद्ध नभएकोमा सो उपचारको अवलम्बन नगरी रिट निवेदक असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रवेश गरेको देखिँदा अन्य तथ्यका सम्बन्धमा प्रवेश गरी विवेचना गर्न आवश्यकता नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः विपना+बेदना

इति संवत् २०६८ साल कात्तिक ४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको फौ.पु.नं. ०६७-CR-०५६९, भ्रष्टाचार, *गोपीकृष्ण देवकोटा वि. नेपाल सरकार*

शिक्षासम्बन्धी समानस्तरको आधिकारिक निकाय उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमीमार्फत् प्राप्त भएका पुनरावेदकलाई प्रमाणपत्र प्रदान गर्ने संस्थाबाट प्राप्त कागजातमा उल्लेख भएको व्यहोराभन्दा प्रतिवादीको निजी प्रयासबाट उपलब्ध गराइएको कागजातमा उल्लेख भएको व्यहोराले मान्यता पाउन सक्ने देखिँदैन । अन्यथा प्रमाणित नभएसम्म कानूनबमोजिम गठन भएको आधिकारिक निकाय वा कार्यालय र ती कार्यालयले प्रमाणित गरीदिएको तथ्यको वैधानिकतामा प्रश्न उठाउने अवस्था हुँदैन । पुनरावेदक प्रतिवादीले उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीमार्फत् प्राप्त कागजात अन्यथा हो भनी पुष्टि गर्न सकेको नहुँदा पुनरावेदक आफैंले प्राप्त गरी पेश गरेको कागजातलाई निर्णायक प्रमाणको रूपमा ग्रहणयोग्य नदेखिने ।

पुनरावेदक प्रतिवादी राष्ट्रसेवकले सहायक ख (चौथो) पदको ओहदा पाउनको लागि आफूले उत्तीर्ण नगरेको शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी योग्यता ढाँटेको कसूरजन्य कार्य गरेकोले निज पुनरावेदक प्रतिवादीलाई आरोपपत्र माग दावीबमोजिम प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूरमा दफा १२ र २९(२) अनुसार रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल असार २८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७-CI-०३४४, दूषित दर्ता, कित्ताकाट, नामसारी बदर, *रामप्रसाद राना वि. लालबहादुर बुढा*

राजीनामा लिखतको प्रमाणित प्रतिलिपिको आधारमा विवादित जग्गा बेइलाकाको नदेखिएको र दाखिल खारेजी गरिदिनु पर्ने भएको कर्तव्य समेत रहेको अवस्थामा दाखिल खारेज नगराएकै कारणले मात्र कुनै व्यक्तिले राजीनामाबाट लिएको जग्गाबाट निजको हक स्वतः समाप्त हुन्छ भन्न मिल्ने देखिन आउँदैन । राजीनामाअनुसार दा.खा. ढिलो भएको कारणबाट राजीनामा नै बदर भएको अथवा निष्क्रिय भएको मान्न मिल्दैन र राजीनामाबाट प्राप्त हक कानूनी प्रक्रिया बाहेक स्वतः समाप्त हुन नसक्ने ।

कुनै व्यक्तिको हक अधिकार हनन् भई वा अन्यायमा परी अदालतमा उजूरी गर्नुपर्ने भएमा कुन कानूनको हदम्यादको आधारमा उजूरी दायर गर्ने भनी हदम्यादसम्बन्धी व्यवस्थाको छनौट गर्ने अधिकार उजूरकर्तामा निहीत रहेको हुन्छ । वादीले फिराद दायर गर्दा आफूलाई उपयुक्त लागेको हदम्यादसम्बन्धी

कानूनको छनौट गरी अदालत प्रवेश गरेको कुरामा विवाद उठाउन पाउने हक अन्य व्यक्तिमा हुन सक्ने देखिँदैन । तसर्थ, वादीले जग्गा पजनीको १७ नं. को सहारा लिई प्रस्तुत मुद्दाको फिरादपत्र दायर गरेको कार्यलाई अन्यथा भन्न मिल्ने देखिन नआउने ।

एकपटक कसैलाई राजीनामा पास गरी हक हस्तान्तरण गरिसकेको जग्गा गैरकानूनी रूपमा पुनः आफ्नो नाउँमा दर्ता गराई पुनः बिक्री गर्ने कार्यले कानूनी मान्यता पाउन नसक्ने, दूषित दर्ताबाट प्रतिवादीको हकको सिर्जना हुन नसक्ने, वादीले आफ्नो नाममा दाखिल खारेजी नगराएकै कारणले मात्र वादीको हक स्वतः समाप्त नहुने एवं प्रस्तुत मुद्दाको फिरादपत्र जग्गा पजनीको १७ नं. को हदम्यादभित्रै दायर भएको देखिँदा वादी दावीअनुसार दर्ता बदर गरी कित्ताकाट दाखेल खारेज र नामसारी समेत हुने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको रिट नं. ०६८-WH-०००१, बन्दीप्रत्यक्षीकरण, *अजयकुमार तामाङ समेत वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा तोकिएको कार्यविधि र प्रक्रियाअनुरूप प्रत्यर्थीले अदालतको अनुमति लिई हिरासतमा राखिएको देखिएकोले अधिकारक्षेत्रको अभाव समेत देखिँदैन । पछि मुद्दा दायर हुँदा मुद्दा हेर्ने अदालतबाट प्रचलित कानूनबमोजिम हुने नै अवस्था भएकोले अनुसन्धानका अवस्थामा रीतपूर्वक भएको कार्यलाई अदालतबाट हस्तक्षेप गर्न नमिल्ने ।

थुनुवाहरूलाई हिरासतमा राखी अनुसन्धान तहकीकात गर्ने प्रत्यर्थीको कार्य कानूनविपरीत वा अधिकारक्षेत्रको अभावमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी गरेको समेत अवस्था नदेखिँदा कानूनबमोजिम भए गरेको कार्यका सम्बन्धमा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः खड्ग अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल साउन १२ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-WO-०५८६, उत्प्रेषण, परमादेश, *दिलीप शम्शेर ज.ब.रा. वि. मालपोत कार्यालय, डिल्लीबजार समेत*

निवेदकले जग्गा दर्ताका सम्बन्धमा मालपोत कार्यालय, काठमाडौं र पुनरावेदन अदालत, पाटनका फैसला समेत बदर गराउन साधारण अधिकारक्षेत्र अन्तर्गतको मुद्दा दोहोर्‍याई हेरिपाऊँ भनी दोहोर्‍याउने निवेदन र सोही समान विषयका सम्बन्धमा प्रस्तुत रिट दर्ता गरी असाधारण अधिकारक्षेत्र गुहार्न आएको देखिएकाले कानूनले व्यवस्था गरेअनुसारको वैकल्पिक उपचारको मार्ग अनुशरण गरिसकेको अवस्थामा असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर यस रिट निवेदनको औचित्यमा प्रवेश गरी विचार गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल मंसिर १ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CI-०६३२, CI-०६३३, अंश, *पार्वती चौबे वि. सञ्जू चौबे, सुशीलादेवी चौबे वि. सञ्जू चौबे*

सर्जमीनका अधिकांश मानिसहरूले सञ्जू चौबे शत्रुघनको श्रीमती भएकाले वादी प्रतिवादी सासू बुहारी नाताका हुन् भनी लेखाई दिएको पाइन्छ । सर्जमीन मुचुल्का आफ्नो रोहबरमा नभएकाले प्रमाणयोग्य नहुने भन्ने प्रतिवादीको जिकीर रहेको सन्दर्भमा सर्जमीनका लागि प्रतिवादीलाई डोरको तारिख तोकिएकोमा अनुपस्थित रहेको देखिन्छ । अदालतबाट डोर खटिई गरेको सर्जमीन मुचुल्काको लागि तारिखमा तोकिएको पक्ष अनुपस्थित रहेको कारणबाट सम्पूर्ण कामकारवाहीले मान्यता नपाउने भन्ने कानूनी व्यवस्था नरहेबाट अदालतबाट कानूनबमोजिम भएको सर्जमीन मुचुल्का प्रमाणग्राह्य नहुने भन्ने प्रतिवादीको जिकीर औचित्यपूर्ण देखिन आउँदैन । वादीबाट अदालतमा पेश गरिएको नाता प्रमाणित, विवाह दर्ताको प्रमाणपत्र, सर्जमीन मुचुल्कालगायतका मिसिलसंलग्न

प्रमाणहरूबाट निज वादी सञ्जू चौबे शत्रुघनको श्रीमती र प्रतिवादी सुशीलादेवीको बुहारी नाता भएको पुष्टि हुन आउँछ । वादी र प्रतिवादी सुशीला अंशियार भएको प्रमाणित भएकोमा यस पूर्व निजहरूबीच अंशबण्डा भैसकेको भन्ने प्रतिवादीको जिकीर रहेको नदेखिँदा वादीले प्रतिवादीबाट अंश पाउने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल भदौ २८ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६७-CI-०६३४, लिखत बदर, *सुशीलादेवी चौबे वि. सञ्जू चौबे समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-WH-०२२, बन्दीप्रत्यक्षीकरण, *मोहनकुमार श्रेष्ठ वि. इलाका प्रहरी कार्यालय, रानी मोरङ्ग समेत*

बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा जुन अवस्थामा थुनाको वैधताको परीक्षण गरिन्छ सो समयमा थुना कानूनी छ छैन भनी हेर्नुपर्ने हुन्छ । त्यसरी परीक्षण गर्दाका समयमा थुना कानूनी देखिन्छ भने अदालतमा विचाराधीन मुद्दालाई प्रभावित गर्ने गरी बन्दीप्रत्यक्षीकरणको रिट जारी हुन सक्दैन । पक्राउ परेको व्यक्ति राजकुमार श्रेष्ठलाई कानूनबमोजिम म्याद लिई मुद्दा दायर भई अदालतबाट पुर्पक्षका निमित्त थुनामा राख्ने आदेश भइसकेको देखिँदा प्रहरीले पक्राउ गरी थुनामा राख्दाको कानूनी स्थितिमा परिवर्तन भइसकेको देखिँदा पूर्व अवैधताको आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने ।

सर्वोच्च अदालतको पूर्ण इजलासबाट अम्बरबहादुर गुरुङको हकमा रमेशमान स्थापित विरूद्ध त्रि.वि. सुरक्षा प्रहरी गार्ड कार्यालय, गौचरण समेत भएको बन्दीप्रत्यक्षीकरणको मुद्दामा (*ने.का.प.* २०४८ नि.नं. ४४५०) मा गिरफ्तार गर्दाको अवस्थामा गैरकानूनी रूपले थुनिएको भए पनि रिट निवेदनको सुनुवाई हुँदा कानूनबमोजिम मुद्दा चलाई अदालतको आदेशानुसार थुनामा रहेको स्थितिमा पूर्व अवैधतालाई आधार बनाई निजउपर अदालतमा कानूनबमोजिम चलिरहेको मुद्दामा अनुकूल वा प्रतिकूल असर पर्ने गरी रिट जारी गर्न नमिल्ने" भन्ने निर्णय भइरहेको पाइन्छ । उक्त मुद्दा र यस्तो प्रकारका थुप्रै मुद्दाहरूमा विचाराधीन मुद्दालाई प्रभावित गर्ने गरी पूर्व अवैधताको आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने भन्ने यस अदालतबाट सिद्धान्त प्रतिपादन भई स्थापित मान्यताको रूपमा रहेको हुँदा कारागार कार्यालय, मोरङ्ग विराटनगरमा थुनामा रहेका व्यक्ति राजकुमार श्रेष्ठ अदालतको आदेशले लागू औषध मुद्दामा थुनामा रहेको देखिँदा कानूनबमोजिम भएको थुनाको सम्बन्धमा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल कात्तिक १८ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-१४६६, मोही निष्काशन, *रामअशिष महतो कोइरी वि. दरोगा यादव*

जग्गाको प्राकृतिक स्वरूपअनुसार होचो अग्लो हुने हुँदा प्रतिवादीले माटो काटेकै कारणले उक्त जग्गा गहिरो भएको भन्ने कुरा नक्सा मुचुल्का लगायतका ठोस प्रमाणबाट पुष्टि नभई वादीको दावी र निजका तर्फबाट उपस्थित साक्षीको मौखिक भनाइको आधारमा मात्र प्रतिवादीले दावीअनुसार माटो काटेको भनी ठहर गर्ने अवस्था देखिएन । साथै लोकनाथ उपाध्याय विरूद्ध देवीमाया भट्टराई समेत भएको मोही बाली मुद्दामा (*नेकाप* २०६२, अङ्क ६, नि.नं. ७५४९) भूमिसम्बन्धी ऐन, २०२१ मा २०५३ सालमा भएको चौथो संशोधनपश्चात् मोही लागेको जग्गामध्ये आधा जग्गामा विधिवत् कायम भएको मोहीलाई मोही हक समाप्त गरी जग्गाको मालिक बनाउने विधायिकाको सारभूत उद्देश्यलाई पराजीत गर्ने गरी मोही निष्काशन गर्न नमिल्ने भन्ने सिद्धान्त समेत प्रतिपादन भइरहेकोले जग्गामा माटो काटेको भन्ने कारणले मोही निष्काशन गर्न नमिल्ने ।

विवादित कि.नं. ३८ को जग्गामा प्रतिवादीले खाल्डो खनी, माटो काटी प्रतिवादीले आफू मोही भएको जग्गाको मोल एवं हैसियत बिगार्ने कार्य गरेको भन्ने वादी दावी प्रमाणहरूद्वारा पुष्टि हुन सकेको नदेखिनुका

साथै यस अदालतबाट प्रतिपादित सिद्धान्तको आधारबाट समेत वादी दावीबमोजिम दावीको कि.नं. ३८ को जग्गाबाट मोही निष्काशन नहुने ।
इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमल्सेना
इति संवत् २०६८ साल कात्तिक १८ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CI-०५६२, निषेधाज्ञायुक्त परमादेश, *नापी शाखा, चाबहिल, काठमाडौं वि. अगमबहादुर सार्की समेत*

आफूसमक्ष कारवाहीका लागि परेका निवेदनमा अधिकारप्राप्त निकायले यथासमयमा निर्णय गर्नुपर्ने हुन्छ समयमा निर्णय नगरी अन्यौलमा राख्दा यस्ता निकाय वा अधिकारीले कानूनद्वारा निर्दिष्ट कर्तव्यको पालना नगरेको ठहरिन जान्छ भने अर्कोतर्फ यस्ता संस्थाहरूप्रतिको जनविश्वास पनि घट्दै जान्छ । प्रस्तुत मुद्दामा निवेदक अगमबहादुर सार्की समेतको २०६३ सालमा मोही नामसारी समेतका सम्बन्धमा परेको उजूरी सम्बन्धमा विपक्षीले निर्णय गरेको नदेखिँदा वादीका जग्गा सम्बन्धमा निजहरू मोही कायम भै मोही नामसारी हुन सक्ने हो, होइन ? सो सम्बन्धमा जे जो बुझ्नुपर्छ बुझी यथाशक्य चाँडो कारवाही किनारा गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।
इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CI-१२६४, परमादेश, *मञ्जूकुमारी गिरी वि. रुद्रकुमार चौहान समेत*

निवेदिकाले शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २५ बमोजिम वैकल्पिक उम्मेद्वार आफू भै नियुक्ति पाउनु पर्ने भनी निवेदनमा लिएको दावीको हकमा उक्त नियमावलीको नियम ४ मा रहेको आयोगको काम कर्तव्य र अधिकारको देहाय(क) मा शिक्षकको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्ने भनी रहेको व्यवस्थाबाट नियमावलीमा रहेको व्यवस्था स्थायी शिक्षकका सम्बन्धमा आकर्षित हुने देखिन्छ । निवेदिकाले नियुक्ति पाऊँ भनी माग गरेको पदमा पुनः विज्ञापन गर्न जिल्ला शिक्षा कार्यालयसँग अनुमति माग गर्ने भनी विपक्षीमध्येका विद्यालयको व्यवस्थापन समितिबाट मिति २०६६।६।२१ मा निर्णय भएको लिखित जवाफबाट देखिई पुनः पदपूर्तिको प्रक्रिया अगाडि बढेको देखिएकोले विद्यालय व्यवस्थापन समितिको पछाडिको निर्णय कायम रहिरहेको छ । निवेदिकाले दावी गरेको शिक्षक पदको अवधि ६ महिनाका लागि भएकोमा सो समेत व्यतीत भैसकेको देखिँदा निवेदन खारेज हुने ।
इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CI-०२२१, परमादेश, *शीलादेवी पाण्डे वि. गाउँ विकास समितिको कार्यालय, इनर्वासिरा, बारा समेत*

आफ्नो हकभोगको सम्पत्ति अन्य कुनै व्यक्ति वा निकायले कब्जा गरेमा वा अनाधिकृत भोग वा चलन गरेमा सोको लागि परमादेश जारी हुन सक्तैन । प्रस्तुत मुद्दामा इनर्वासिरा गा.वि.स. का यी पदाधिकारीले यो कानूनद्वारा निर्दिष्ट गरिएको काम कर्तव्यको पालना नगरेको भन्ने निवेदकको माग दावी रहेको नभई आफ्नो हकभोगको कि.नं. ३९ को पोखरीमा गाउँ विकास समितिले भोगचलन र कब्जा गरेकोले सो नगर्नु भनी आदेश जारी गरी पाऊँ भन्ने माग दावी लिई अदालतमा प्रवेश गरेबाट प्रस्तुत निवेदन खारेज हुने ।
इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः विपनादेवी मल्ल
इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको फौजदारी साधक नं. ०६७-RC-००६१, कर्तव्य ज्यान, *नेपाल सरकार वि.रामप्रसाद चौधरी*

प्रतिवादी रामप्रसाद चौधरीले आफूसँग भएको फरूवाको प्रहारबाट मृतकको मृत्यु भएको कुरा अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतसमक्ष समेत सावित भै बयान गरेको तथा निजको सो साविती

जाहेरवालाको जाहेरी, जाहेरवालाको अदालतमा भएको बकपत्र तथा शवपरीक्षण प्रतिवेदनबाट समेत पुष्टि भएको देखिन्छ । यसर्थ प्रतिवादीको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम कसूरजन्य रहेकोले निजलाई अभियोग माग दावीबमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

१३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको फौजदारी साधक नं. ०६७-RC-००६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. करन सिँह साउद*

वारदात हुँदा प्रतिवादी अन्यत्र भारतमा रहेको भन्ने प्रतिवादीको कथन र निजका साक्षीहरूको बकपत्र छ, सो सम्बन्धमा हेर्दा स्वयं प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफैंले हँसिया प्रहार गरी मृतकलाई मार्ने कार्य गरेको भन्ने निजको बयान रहेको देखिएको, सो बयान घटना भएको देख्ने प्रत्यक्षदर्शी साक्षीको बकपत्रलगायत अन्य प्रमाणबाट पुष्टि भएको देखिएको अवस्थामा अन्यस्थल (Alibi) को प्रतिवादीको जिकीर मौखिक प्रमाणबाट समर्थित हुन नसक्ने हुन्छ । घटनाको समयमा प्रतिवादी अन्यत्र रहेको भन्ने (Alibi) जिकीर विवादरहित, अकाट्य एवं लिखतको प्रमाणबाट स्थापित हुनसक्ने हुन्छ । उक्त घटना भएको दिन र समयमा यी प्रतिवादी कुनै सरकारी कार्यालय वा सार्वजनिक संस्थामा उपस्थित रही अड्डा अदालतको कुनै कागजमा सहीछाप गरको देखिने लिखतको अकाट्य प्रमाण निजले पेश गरी आफ्नो अन्यस्थल (Alibi) को जिकीरलाई पुष्टि गर्नु पर्नेमा सो नगरेकाले घटना भएको तथा सो घटनामा यी प्रतिवादी संलग्न रहेको देख्ने प्रत्यक्षदर्शी साक्षी मनिषाकुमारीको अदालतमा भएको बकपत्रको विद्यमानतामा निज प्रतिवादीको सो जिकीर पत्यारलायक नदेखिँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको WO-०६३०, उत्प्रेषण परमादेश समेत, *लालबहादुर तामाङ वि. जिल्ला प्रशासन कार्यालय, दोलखा चरिकोट समेत*

मिति २०४९।१२।१६ मा नापी भै मिति २०५०।५।३० मा जग्गा नापजाँच समितिको बैठकबाट निवेदकले आफ्नो हकभोगको भनी दावी गरेको तर दावीका कुनै भरपर्दो तथ्ययुक्त आधार प्रमाण देखाउन नसकेको फिल्डबुकमा पर्ति सल्लो भन्ने जनिएको वन क्षेत्रसँग जोडिएको प्राकृतिक वन बुट्यान भएको पहिले कुनै समयमा आवाद समेत नभएको वस्तुनिष्ठ तथ्यका आधारमा सरकारी जग्गा कायम गर्ने गरी निर्णय भइसकेको १५ वर्षपछि न्यायको याचना गर्न आएको देखिन्छ । आफ्नो हक अधिकारको खोजीमा असर पर्ने व्यक्तिले समयमा नै न्यायिक उपचारको लागि माग गर्नुपर्ने हुन्छ । सो नगरी नापी नक्सा भै सरकारी बाँझो पर्ति तथा बुट्यान कायम हुने भनी निर्णय भएको १५ वर्षपछि आएको रिट निवेदनबाट उपचार प्राप्त गर्नसक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०८७३, उत्प्रेषणयुक्त परमादेश, *सुभाष सुवेदी वि. जिल्ला प्रहरी कार्यालय, दाङ्ग समेत*

निवेदक सुवास सुवेदीले आफ्नो पेशाप्रति सजग रही उपस्थित हुन नआएको र खोजी गर्दा समेत फेला नपरी १५० दिनभन्दा बढी गैरहाजिर भएको कारण पर्चा खडा गरी नोकरीबाट हटाएको भन्ने देखिन्छ । यसरी हटाइँदा निवेदकले सुनुवाइको मौका नदिएको भनी दावी जिकीर गरे पनि निज फेला नपरेको कारणले सफाइको मौका दिन सम्भव नभएको र यस्तो सम्भव नभएको भन्ने कुरा निजलाई नोकरीबाट हटाउने गरी गरेको निर्णयउपर परेको पुनरावेदनको

निर्णयमा समेत उल्लेख भएको देखिन्छ । निवेदक आफ्नो घरमा पनि नरहेको र जागिरमा पनि नगएको सम्पर्क बाहिर रहेको व्यक्तिलाई फेला पार्न नसकिएपछिको यस अवस्थामा प्राकृतिक न्याय सिद्धान्तविपरीत सुनुवाइको मौका नदिएको भनी अर्थ गर्नु न्यायसम्मत् नहुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-१०८६, उत्प्रेषण समेत, *विजयकुमार ढकाल वि. भूमिसुधार कार्यालय, भक्तपुर समेत*

भूमिसुधार कार्यालय, भक्तपुरबाट मोही लगत कट्टा गर्ने सन्दर्भमा जग्गाधनी वा मोहीलाई झिकाई बुझ्नुपर्नेमा कुनै जानकारी नै नदिई बुझ्दै नबुझी एकतर्फी निवेदनको आधारमा मोहीको हकाधिकारमा गम्भीर असर पर्ने गरी प्राकृतिक न्याय सिद्धान्तको विपरीत मोहीलाई सुनुवाइको मौका नै नदिई एकतर्फी सुनुवाइको आधारमा भूमिसुधार कार्यालय, भक्तपुरले मिति २०६३।३।१२ मा विवादित जग्गाको प्रमाणपत्रवाला मोही गणेशबहादुर ढकालको नामको मोही लगत कट्टा गर्ने गरेको निर्णय कानून र न्यायसम्मत् नहुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०९१६, उत्प्रेषणयुक्त परमादेश, *सिविता रञ्जित समेत वि. गृह मन्त्रालय समेत*

निवेदकले गृह मन्त्रालयको रिक्त रहेको रा.प.अनं. प्रथम श्रेणीको नायब सुब्बा पदमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा सूचीमा परी सिफारिश भएकोमा सो सिफारिशउपर परेको उजूरीमा मिति २०६३।१२।२० मा निर्णय भै सो निर्णयको आधारमा २०६३।१२।२१ मा प्रकाशित संशोधित सूचनामा यी निवेदकहरूको नाम बढुवा सूचीमा परेको देखिन्न । यी निवेदकहरू उक्त रिक्त दरबन्दीको बढुवा भएको पद संख्या ८ भित्र बढुवामा नपरेको भए पनि सोभन्दा पछिल्लो पटक बसेको बढुवा समितिको सिफारिशबमोजिम २०६४।११।२२ को निर्णयअनुसार बढुवा भएको देखिन्छ । त्यसरी जुन पदमा बढुवा पाउन निवेदकहरूले माग गरेको हो सो पदमा बढुवा भै नियुक्ति तथा पदस्थापना समेत भइसकेको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको WO-०९६८, उत्प्रेषणयुक्त परमादेश, *कृष्णराज ढकाल वि. गृह मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६४-CR-०४२३, CR-०४४६, भ्रष्टाचार, *अनीलकुमार भण्डारी वि. नेपाल सरकार, तीर्थप्रसाद न्यौपाने वि. नेपाल सरकार*

भन्सार अधिकृतको सहीछापसँग प्रतीतपत्र खोल्ने व्यक्तिले पेश गरेको प्रज्ञापन पत्रमा लागेको सहीछाप भिडाउन सक्ने स्थिति नदेखिएको र भन्सार अधिकृतको सहीछाप शंकास्पद देखिएको अवस्थामा थप अनुसन्धान गर्नसक्ने भए तापनि सो अवस्था देखिन नआएकोमा यी प्रतिवादीहरूले मुख्य प्रतिवादी राजीव सेढाईसँग मिली गैरकानूनी लाभ लिने हिसाबले नक्कली कागजात जानीजानी ग्रहण गरेको र पार्टीले बैंकमा प्रतीतपत्र खोल्दा धरौटी राखेको २ प्रतिशत रकम फिर्ता दिएको भन्ने तथ्य स्थापित हुन सकेको अवस्था मिसिलबाट देखिँदैन । साथै बैंकमा राखेको २ प्रतिशत धरौट फिर्ता गर्दा प्रतिवादी राजीव सेढाई समेतका प्रतिवादीसँग बैंकमा कार्यरत् कर्मचारीहरूले यो यति रकम लिनु खानु गरी बैंकलाई आर्थिक रूपमा हानिनोक्सानी पुऱ्याई आफूहरूलाई गैरकानूनी लाभ पुऱ्याएको भन्ने कुरा प्रमाणित हुन सकेको अवस्था देखिँदैन । सामान्य मानवीय त्रुटि वा सुझबुझको प्रयोगको प्रश्नलाई लिएर यी प्रतिवादीहरूले बद्नियतपूर्वक काम गरेको भनी भन्न न्यायोचित नदेखिने ।

प्रतीतपत्रको शर्तअनुरूप सामान आयात नगरी विदेशी मुद्रा अपचलन गरेतर्फ प्रतिवादी राजीव सेढाई समेतउपर वैदेशिक विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम छुट्टै मुद्दा चली प्रतिवादी राजीव सेढाइको हकमा कसूर ठहर भई यी प्रतिवादीहरूको संलग्नता प्रमाणित हुन नसकेको अवस्थामा प्रतिवादीहरू अनीलकुमार भण्डारी र तीर्थप्रसाद न्यौपानेले आरोपित भ्रष्टाचारको कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल भदौ २८ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-WO-०४७०, उत्प्रेषण परमादेश, *डा. बानिरा गिरी वि. त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय, कर्मचारी प्रशासन महाशाखा कीर्तिपुर समेत*

निवेदिका र त्रिभुवन विश्वविद्यालयको बीच निवेदिकाले अनिवार्य अवकाश प्राप्त गरेपश्चात् सिर्जना भएको अप्रत्यक्ष करारको आधारमा निवेदिकाले त्रिभुवन विश्वविद्यालयमा सेवा गरेबापत निवेदिकालाई पारिश्रमिकको रूपमा तलव, भत्ता, उपलब्ध गराउनु पर्ने दायित्व विपक्षी त्रिभुवन विश्वविद्यालयको हो । सोहीबमोजिम निवेदिकाले उक्त अवधिमा विपक्षी त्रिभुवन विश्वविद्यालयबाट पारिश्रमिकको रूपमा तलव, भत्ता प्राप्त गरेको देखिन्छ । यसरी कुनै काम वा सेवा गरेबापत प्राप्त गरेको पारिश्रमिक सो पारिश्रमिक प्राप्त गर्ने व्यक्तिबाट फिर्ता माग्न उक्त कानूनी व्यवस्था, नजीर, करारको सिद्धान्त एवं समन्यायको दृष्टिकोणबाट समेत उचित हुने देखिन आउँदैन । तसर्थ निवेदिकाले विपक्षी त्रिभुवन विश्वविद्यालयमा अध्यापनको कार्य समेत गरेबापत पारिश्रमिकको रूपमा मिति २०६३।१२।२४ देखि मिति २०६५।८।२३ सम्म प्राप्त गरेको तलव, भत्ता वा अन्य सुविधा समेत निवेदिकाले विपक्षी त्रिभुवन विश्वविद्यालयलाई फिर्ता गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल असोज ४ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-०१२२, परमादेश, *शिव महर्जन वि. जिल्ला प्रशासन कार्यालय, ललितपुर समेत*

निवेदकले आफूले दिएको निवेदनबमोजिम आफूले नेपाली नागरिकताको प्रमाणपत्र पाउने वा नपाउने कुराको जानकारी समयमै पाउनु निज निवेदकको हक हो । सो विषयमा हालसम्म कुनै निर्णय नगरी निवेदकलाई अन्योलग्रस्त राख्न मिल्ने देखिन आउँदैन । अतः जो जे बुझ्नु पर्ने हो बुझी प्रस्तुत मुद्दाको आदेश प्राप्त भएको मितिले एक महिनाभित्र निवेदक शिव महर्जनले निवेदन मागबमोजिमको नेपाली नागरिकताको प्रमाणपत्र पाउने वा नपाउने भन्ने सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुर समेतको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल असोज २ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-CI-०८५६, अंश, *महादेव पण्डित वि. राजेन्द्र पुरवार समेत*

प्रस्तुत मुद्दा चल्दाचल्दैको अवस्थामा फैसला नहुँदै मुलुकी ऐन, अंशबण्डाको १९ नं. मा मिति २०५९।६।१० मा एघारौं संशोधन भई अविवाहित छोरीले पनि छोरा सरह समान रूपमा अंश पाउने अवस्था हुँदा, प्रस्तुत विवादमा हाल रूपरानी एक मात्र छोरी विवाह हुन बाँकी रहेको देखिन्छ । जसअनुसार अंश कायम हुन आउने अंशियारहरूमा यी पुनरावेदक प्रतिवादी तथा विपक्षी वादीहरूका पिता तथा पति रामप्रताप पुरवार १, यी पुनरावेदक प्रतिवादी जनकलाल पुरवार १, निज रामप्रतापकी कान्छी श्रीमती बिजुली पुरवार १, निजबाट जन्मेका एकमात्र छोरा राजेन्द्र पुरवार १, तथा अविवाहित छोरी रूपरानी १ सहित जम्मा ५ अंशियार रहेको देखिँदा दाखेल भएको तायदाती फाँटवारीमा उल्लिखित

सम्पत्तिलाई ५ भाग लगाई सो ५ भागको २ भाग अंश वादीहरूले पाउने ।
इजलास अधिकृतः बसन्तजङ्ग थापा
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०४७१, अंश दर्ता, *हरिनारायण यादव वि. मनमोहन यादव समेत*

आफू वादी भई चलेको अंश दर्ता मुद्दाको फैसलापछि शुरू भएको अंश दपोट मुद्दामा यी पुनरावेदक प्रतिवादी भई सो मुद्दाको फैसलाउपर पुनरावेदनपत्र समेत दायर गरेको देखिन्छ । सो अंश दपोट मुद्दा पुनरावेदन अदालत, राजबिराजबाट मिति २०६२।३।१२ मा नै फैसला भई अन्तिम समेत भइसकेको अवस्थामा मिति २०५८।१२।७ मा भएको फैसलाउपर मिति २०६२।४।३ मा मात्र सो फैसलाको नक्कल लिई जानकारी पाई पुनरावेदन गरेको छु भन्ने यी पुनरावेदक वादीको जिकीर अस्वाभाविक, झूट्ठा र बनावटी देखिन आयो । यी वादीले अदालती बन्दोबस्तको १९७ नं. को गलत अर्थ लगाई प्रस्तुत मुद्दाको फिराद दायर गरे गराएको देखिए पनि त्यस्तो फिराद पत्रलाई ऐनको हदम्यादभित्र परेको भन्न नमिल्ने ।
इजलास अधिकृतः बसन्तजङ्ग थापा
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CR-०१४१, CR-०३५३, निर्णय कार्यान्वयन गरी हरहिसाब फरफारक गर्ने, *भगवतीकुमार काफ्ले वि. ओम शर्मा, दिनेशकुमार लम्साल वि. ओम शर्मा*

गोरखापत्र संस्थान सार्वजनिक निकाय नै भए पनि सो संस्थान एउटा कानूनी व्यक्ति हो र उसले सोही निकायबाट पुनरावेदक एभरग्रीन एडभरटाइजिङ्ग मिडियासँग गरेको सम्झौताबमोजिम संस्थानले शर्तहरूको पालना नगरेको कारण मिडियालाई क्षति पुग्न गएको भए प्रचलित करारसम्बन्धी कानूनबमोजिम क्षतिपूर्तिमा दावी लिई अधिकारप्राप्त निकायबाट कानूनी उपचार प्राप्त गर्नसक्ने अधिकार पुनरावेदक एभरग्रीन एडभरटाइजिङ्गलाई रहे भएकै देखिन्छ । यस्तो अवस्थामा कानूनबमोजिमको नियमित मार्ग अवलम्बन नगरी सो मिडियाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा जाने र सो मिडियाले दिएको उजूरी निवेदनको आधारमा पुनरावेदक अख्तियार दुरूपयोग अनुसन्धान आयोगले हिसाब किताब समेत फरफारक गर्न लगाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क बमोजिम गोरखापत्र संस्थानलाई लेखी पठाउने भनी निर्णय गर्ने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहे भएको नदेखिने ।
इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल असार ७ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको WH-००८२, बन्दीप्रत्यक्षीकरण, *रवि शाह समेत वि.गृह मन्त्रालय समेत*

बन्दीहरू हाल छुटी थुनामुक्त भैसकेको अवस्थामा निवेदनको औचित्यभित्र प्रवेश गरी थप विचार गरिरहनु नपर्ने । प्रस्तुत निवेदन खारेज हुने ।
इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल साउन २ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५-CR-०६१२, २०६७ साधक CR-००५४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हरिबहादुर गिरी समेत, नेपाल सरकार वि. भगवती गिरी*

भगवती गिरीले एक्लै मार्न र लास झुण्ड्याउन कठिन हुने अवस्था हुँदा, हरिबहादुर गिरी र नैनसराको पनि सो वारदातमा संलग्नता हुनुपर्ने भन्ने एउटा शंका र अनुमानको आधारमा उक्त दुई जनाउपर अभियोग दावी लिएको देखिन्छ । अन्यथा यी दुई जनाले कर्णबहादुरलाई मार्नमा के कुन प्रकारको कार्य गरे भन्ने कुरा अभियोगपत्रबाट खुल्दैन । यसरी हरिबहादुर र नैनसराले आरोपित कसूर गरेका हुन् भनी प्रमाणित हुन नसक्ने ।

कर्णबहादुर थापाको मृत्यु प्रतिवादी भगवती गिरी एक्लैले गरेका मुंग्रा प्रहारबाट भएकोमा कुनै शंका गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम जन्मकैद हुने र निजका मातापिता अर्थात् मृतकका सासू, ससुरा नैनसारा र हरिबहादुर गिरीलाई कसूरबाट पूर्णतः सफाइ हुने ।

प्रतिवादी भगवती गिरीको अपेक्षतया कम उमेर (वारदात हुँदा १९ वर्ष) हुनु निजको साथमा कारागारमा जन्म लिएकी छोरी रहनु, र उक्त घटना घट्दाको अवस्था र परिस्थिति तथा मृतकलाई मार्नुपर्ने पूर्व उद्देश्य र पूर्व तयारी नदेखिनु समेतका कारण र अवस्थालाहरूलाई मध्यनजर गर्दै अ.वं. १८८ नं. बमोजिमको स्वविवेकीय अधिकार प्रयोग गर्दै प्रतिवादी भगवती गिरीलाई १० वर्ष मात्र कैद गर्ने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख ५ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६७-WH-००७७, बन्दीप्रत्यक्षीकरण, *मदनकुमार पन्त वि. बाल सुधार गृह, सानोठिमी भक्तपुर समेत*

कलिलो अवस्थामा नै आपराधिक क्रियाकलापमा संलग्न भएको बालकलाई आपराधिक कार्यबाट अलग राख्नु अनिवार्य हुन्छ । चोरी जस्तो अनैतिक अपराधको अभियोग लागेका यी बालकको चरित्र सुधार गर्न खराब आचरणका व्यक्तिहरूको सम्पर्कबाट अलग राख्नु आवश्यक छ । अपराधमा संलग्न बालकलाई सुधार नगरी त्यसै छाडिदिने हो भने निजको भावी जीवन पनि आपराधिक क्रियाकलापतर्फ नै ढल्किने र कष्टकर हुने अवस्थालाई दृष्टिगत गर्दा बालकल्याणमा संलग्न जोसुकैले गम्भीर भएर सोच्नुपर्ने ।

बालबालिकाहरूको हितमा वा बाल अधिकारको पक्षमा काम गरेको भनी दावी गर्ने गैरसरकारी संस्था वा व्यक्तिले अन्तर्राष्ट्रिय महासन्धि र नेपालको कानूनको सही व्यवस्था र वास्तविक मर्म बुझ्नुपर्छ । बालसुधारतर्फ गम्भीरतापूर्वक लाग्नुपर्छ । कानूनबमोजिम अधिकारप्राप्त अदालत वा निकायले नगन्य धरौटी माग गर्दा पनि कुनै नाबालक वा उसको संरक्षकको अर्थभावको कारण सो धरौटी रकम बुझाउन नसकेमा सो धरौटी रकम त्यस्ता गैरसरकारी संस्था वा व्यक्तिले तत्काल बुझाई उक्त नाबालकलाई छुटाई लान सक्ने तात्कालीक उपाय हुँदा पनि त्यो बाटो अवलम्बन नगरी मुद्दामामिलातर्फ बढी अग्रसर भएको देखिन्छ । चोरी, डाँका, अवैध लागू औषध वा यस्तै अन्य आपराधिक गतिविधिमा लागेका बालबालिकालाई त्यसै छोडिदिँदा समाजमा पर्न सक्ने प्रभावको सम्बन्धमा पनि सबै गम्भीर हुनैपर्ने ।

चौध वर्षदेखि सोह्र वर्षको उमेर देखिएका बन्दी भनिएका बालकलाई मुद्दा पुर्पक्षको सन्दर्भमा माग भएको धरौटी दाखिल गर्न नसक्दा बालसुधार गृहमा पठाइएको शुरू चितवन जिल्ला अदालतको आदेश सन् १९८९ को बाल अधिकारसम्बन्धी महासन्धि, प्रचलित कानून र प्रतिपादित कानूनी सिद्धान्तविपरीत भएको भन्ने देखिन नआएकोले मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असार १ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट निवेदन नं. ०६३-WO-०३८२, उत्प्रेषणयुक्त परमादेश, *सानुलाल महर्जन वि. ललितपुर उपमहानगरपालिकाको कार्यालय, पुल्चोक ललितपुर समेत*

नक्सावमोजिम बनाएको घर पर्खाल समेतको भाग भत्काउने निर्णयअनुरूप भत्काई सकिएको अवस्था भए पनि निवेदकको घर पर्खाल भत्काउने गरेको निर्णय प्रारम्भदेखि नै बदर हुने गरी यस अदालतबाट फैसला भैसकेको अवस्थामा निवेदकले २०३७।११।१ मा पास गरी लिएको नक्साअनुरूपको संरचनाको अस्तित्व समाप्त भैसकेको भन्न मिल्ने भएन । २०३७ सालमा नक्सा पास गर्दाको अवस्थामा के कति नाप साइजमा पर्खालसहितको निर्माण कार्य गर्न स्वीकृत गरिएको हो, सोबमोजिम गरिएको निर्माण र भैरहेको संरचनालाई

पछाडि बनेको कानून वा निर्धारित मापदण्डका प्रावधान देखाई कानूनविपरीत भन्न मिल्ने हुँदैन । विवादित पर्खाल समेत भत्काउने गरी भएको नगरपालिकाको निर्णय प्रारम्भदेखि नै बदर गर्ने गरी यस अदालतबाट दे.नं.८९०३ को मुद्दामा भएको मिति २०६२।१।२ को फैसलाबाटै साविकको नक्साअनुरूपको संरचनाले वैधता पाइसकेको देखिन्छ । २०३७ सालमा घरको नक्सापास गर्दा चारैतर्फ पर्खाल देखाई नक्सापास गरेको र सो समयमा प्रचलित कानूनबमोजिम भएको कार्यलाई पछि २०५० सालमा निर्धारित भएको मापदण्ड प्रयोग हुन नसक्ने र २०३७ सालमा पास भएको नक्साभन्दा फरक एवं नवीन संरचनाको हकमा सम्म पछि बनेको मापदण्ड लागू हुने स्पष्ट हुन आउँछ । साविकको कानूनबमोजिम निर्धारित मापदण्डअनुरूप बनेका संरचनालाई सम्बन्धित व्यक्तिले स्वेच्छाले भत्काएमा वा दैवी परी नासिएमा र पुनः सोही ठाउँमा नयाँ संरचना निर्माण गर्नुपर्ने अवस्था परेमा प्रचलित कानूनबमोजिम निर्धारण गरिएको नयाँ मापदण्ड लागू हुने हुन्छ । पहिला गैरकानूनी वा अनधिकृत ढंगले भत्काइदिएकोमा पहिला जस्तै निर्माण गर्न नयाँ मापदण्ड लागू हुन नसक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल असार २६ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** पुनरावेदन नं. ०६४-CI-०७७३, क्षतिपूर्ति दिलाई पाऊँ, *सानुलाल महर्जन वि. ललितपुर उपमहानगरपालिकाको कार्यालय, पुल्चोक ललितपुर समेत*

वि.सं. २०३७ सालमा नक्सा पास गरी आफ्नो जग्गामा बनाएको घरको पर्खाल, ट्वाइलेट, भऱ्याङको बार समेत प्रत्यर्थीहरूले जवर्जस्ती गैरकानूनी रूपमा भत्काएको भनी दावी गरेको देखिन्छ । विवादित संरचना भत्काउने विपक्षी उप-महानगरपालिकाको निर्णय र सो निर्णय सदर गरेको पुनरावेदन अदालतको फैसला समेत प्रारम्भदेखि नै बदर हुने गरी मिति २०६२।१।२ मा यस अदालतबाट निर्णय भएपछि विवादित संरचना भत्काएको कार्यले मान्यता पाएको भन्ने अवस्था रहेन । आफूलाई नागरिक अधिकार ऐन, २०१२ ले प्रत्याभूत गरेको अधिकार हनन् गरेको भन्ने अवस्था भएपछि सो हनन् भएको अधिकारउपर क्षतिपूर्तिमा दावी गर्न सोही ऐनको दफा १७(३) ले यी पुनरावेदकको हक सिर्जना भएको देखिन्छ । नागरिक अधिकार ऐनले प्रदान गरेको अधिकारको हनन् गरेको भन्ने पुष्टि भएपछि क्षतिपूर्तिमा दावी गर्न फैसला कार्यान्वयनमा गएजस्तो फैसलाको नक्कल लिएको मितिले हदम्याद तयार हुने अवस्था रहँदैन । त्यसरी क्षतिपूर्तिमा दावी गर्न फैसलाको नक्कल नलिएकै आधारमा अनन्तकालसम्म क्षतिपूर्तिमा दावी गर्न हदम्याद रहिरहन्छ भन्न नमिल्ने ।

फैसलाबाट नागरिक अधिकारको हनन् भएको पुष्टि भएपछि सोही समयबाट नागरिक अधिकार हनन्उपर क्षतिपूर्तिमा कानूनले निर्धारित गरेको हदम्यादभित्र मुद्दा गर्ने कारणको सिर्जना हुन्छ । सो फैसलाको नक्कल लिएपछि मात्र मुद्दा गर्ने कारणको सिर्जना हुने कानूनको मनसाय देखिँदैन । यी पुनरावेदक आफैंले दिएको मुद्दामा भएको फैसलाको नक्कल नलिएकै आधारमा सो फैसलामा के भयो भन्ने कुरामा यी पुनरावेदक अनन्तकालसम्म अनभिज्ञ रहिरहने भन्ने कुरा स्वाभाविक र तर्कसँगत छैन । पुनरावेदकको पर्खाल समेतका भौतिक संरचना भत्काउने निर्णय कानूनसम्मत् नभएको ठहरेपछि सोही निर्णयको आधारमा संरचना भत्काएको कार्य पनि कानूनसम्मत् भएको भन्ने नदेखिँदा फैसला भएको मिति २०६२।१।२ ले नागरिक अधिकार ऐन, २०१२ को दफा २० बमोजिम आठ महिनाभित्र गर्नुपर्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल असार २६ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको दे.पु.नं. CI-००९६, २०६५ को दे.पु.नं. CI-००९७, जग्गा दर्ता, *कमलमान जोशी समेत वि. लक्ष्मण तिमिल्सिना समेत, दुर्गाकुमारी तिमिल्सिना समेत वि. कमलमान जोशी समेत*

दुबैतर्फबाट आ-आफ्नो ढंगले विभिन्न लगत स्रोतबाट भिडेको भन्ने जिकीर लिँदै रैकर परिणत र दर्तातर्फ दावी गरिएको अवस्था हुँदा, उक्त जग्गामा

यी पुनरावेदक कमलमान जोशी तथा दुर्गाकुमारी तिमिल्सिना समेतका व्यक्तिहरूका बीचमा हक बेहकको प्रश्न खडा भएको स्पष्ट देखिन्छ । यस्तो अवस्थामा दुबैपक्षबाट प्रस्तुत भएका प्रमाणहरूको मूल्याङ्कन गर्दै हक बेहकतर्फ न्यायिक निर्णय गर्नुपर्ने हुन्छ । त्यसतर्फ ध्यान नपुऱ्याई छूट जग्गा दर्ता समितिबाट भएको मिति २०६२।१२।३० को सिफारिशलाई आधार मानी मालपोत कार्यालय, काठमाडौंले गरेको मिति २०६२।१२।३१ को निर्णय बदर गरी हक बेहकतर्फ सम्बन्धित जिल्ला अदालतमा फिराद गर्न जानु भनी दुबै पक्षलाई सुनाई दिनुपर्ने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०५१९, खिचोला मेटाई पर्खाल भत्काई पाऊँ, *राधिका भट्टराई समेत वि.भक्तालक्ष्मी भन्ने भक्तादेवी पोखरेल*

नापी शाखाको मिति २०६३।१०।८ को पत्रानुसार नै कि.नं. १४८ मा समेत क्षेत्रफल ०-२-२-० घुसेको देखिन्छ भनी स्पष्ट रूपमा उल्लेख भैआएको देखिन्छ । सोहीअनुसार भै आएका नापनक्सा मुचुल्काअनुसार पनि न.नं. ९ को क्षेत्रफल ०-१-१-० र न.नं. १० को क्षेत्रफल ०-१-२-० जम्मा क्षेत्रफल ०-२-२-० जग्गा प्रतिवादीले आफ्नो जग्गामा घुसाई पर्खाल समेत लगाएको भन्ने कुरा सो मुचुल्कामा उल्लिखित कैफियत व्यहोराबाट पनि स्पष्ट रूपमा देखिन आएकोले यी पुनरावेदक वादीको जग्गा प्रतिवादीले खिचोला गरेको देखिने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल साउन २४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६३-CI-०९६४, निर्णय दर्ता बदर, *गंगाप्रसाद चालिसे समेत वि. जनकपुर चुरोट कारखाना लिमिटेड, जनकपुरधाम, धनुषा समेत*

विवादित बाटो २०४४ सालको नापीको समयमा अस्तित्वमा रही बाटोकै रूपमा नापी भएको भन्ने देखिइरहेको र सो बाटो छाडी प्रतिवादीले आफ्नो घर जग्गामा पर्खाल लगाएको भन्ने देखिएबाट प्रतिवादीले सो बाटोमा आफ्नो मात्र निजी भोगाधिकार नराखी अन्य व्यक्तिको उपभोगमा समेत राखेको प्रत्यर्थीको आचरणबाटै देखिन आएको छ । विवादित बाटो प्रत्यर्थी एक्लैको मात्र उपभोगमा नरही पुनरावेदक समेतको प्रयोगमा रहेको भन्ने कुरालाई स्वीकार गरी प्रत्यर्थीले आफ्नो जग्गामा पर्खाल लगाई घेरेको अवस्थामा विवादित बाटो निजी जग्गामा दर्ता भए पनि विवादित बाटोको प्रयोग गर्नबाट यी पुनरावेदक समेतलाई प्रत्यर्थीले रोक्न सक्ने देखिन आएन । विवादित बाटोको रूपमा रहेको जग्गा दर्ता गर्दा बाटोको प्रयोगलाई यथावत् प्रयोग गर्ने गरी दर्ता गरेको देखिएको र एकभन्दा बढी व्यक्तिको उपभोगमा रहेको बाटो जे जसको नाममा दर्ता भएको वा दर्ता गराइएको भए पनि त्यसको उपभोगको प्रकृतिमा फरक पर्ने नदेखिने ।

विवादित कि.नं. २५४ को मिति २०५७।२।९ मा भैआएको नक्साको न.नं. ६ को बाटो वादी समेत जोसुकैले प्रयोग गर्न सक्ने नै देखिएकोले उक्त बाटो भएको जग्गा प्रत्यर्थीको नाममा दर्ता हुँदैमा यी पुनरावेदक वादीलाई सो बाटोको प्रयोग गर्नमा प्रतिकूल असर पर्ने नदेखिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल कात्तिक ८ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- पुनरावेदन नं. ०६३-CI-०९६२, निर्णय दर्ता बदर हक कायम, *कुसुमदेवी चालिसे वि. हरि गौतम*
- पुनरावेदन नं. ०६३-CI-०९६३, निर्णय दर्ता बदर हक कायम, *गंगाप्रसाद चालिसे वि. हरि गौतम*

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०४६२, निषेधाज्ञा, *वैद्यनाथ साह वि. जिल्ला प्रशासन कार्यालय, सिरहा समेत*

निषेधाज्ञाको आदेश कुनै कार्य नगर्नका लागि वा कार्य गर्नबाट तत्काल रोक्न जारी गरिने प्रकृतिको भएकोमा निवेदकले रोकी पाउन माग गरेको मिति २०६५।५।२१ को साधारणसभा समेत सम्पन्न भई मिति २०६५।५।२३ मा कार्य समितिको निर्वाचन हुँदा जीतेन्द्र यादवको अध्यक्षतामा दुई वर्षको लागि ११ सदस्यीय तदर्थ समिति समेत गठन भइसकेको भन्ने देखिन आयो । जुन कार्य रोकी पाउन निवेदकले निवेदन गरेको हो सो कार्य नै सम्पन्न भइसकेको भन्ने देखिँदा नेपाल निर्माण व्यवसायी संघ, जिल्ला कार्य समिति सिरहाको साधारणसभा तथा निर्वाचन नै सम्पन्न भइसकेको स्थितिमा निवेदनको कुनै औचित्यता नदेखिँदा निषेधाज्ञाको निवेदन खारेज हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CR-०३४९, अदालतको अपहेलना, *वैद्यनाथ साह वि. जिल्ला प्रशासन कार्यालय, सिरहा समेत*
- २०६५ सालको दे.पु.नं. २०६६-CI-०४६१, परमादेश, *वैद्यनाथ साह वि. जिल्ला प्रशासन कार्यालय, सिरहा समेत*

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६४-CI-१०३६, मोही नामसारी, *सत्यनारायण यादव वि. बिन्देश्वरी यादव*

"नापी आउनुभन्दा अगाडिदेखि नै जग्गा भोग गरी आएको अवस्थामा प्रकाशित भएको २ नं. अनुसूचीमा वडा नं. फरक परेको कारणले मात्र नामसारी गर्न इन्कार गर्न नहुने" (सर्वोच्च अदालत बुलेटिन, वर्ष ८, अंक २१, पूर्णाङ्क १८३, पृष्ठ ११), "अर्कै ठाउँमा २ नं. अनुसूची प्रकाशन भएको भन्ने आधारमा मात्र मोही हक नामसारी नहुने भन्न नमिल्ने" (२०६० सालको दे.पु.नं. ९२६९ अगहनियादेवी थरूनी वि. सीताराम चौधरी कलवार समेत फैसला मिति २०६१।१।११), असम्बन्धित वडामा अनुसूची प्रकाशित भएको जग्गा विवादित जग्गा होइन भनी प्रतिवादीले प्रमाणित गर्न नसकेकोले दावीबमोजिम मोही नामसारी हुने" (२०५५ सालको दे.पु.नं. ४३५४ मागैन यादव वि. रामबहादुर रमण, फैसला मिति २०६२।७।११) भन्ने सिद्धान्त प्रतिपादन भएका उपरोक्त फैसलामा उल्लिखित विवादको प्रकृति र यस मुद्दाको विवादको प्रकृति एकै किसिमको देखिएकोले उक्त मुद्दाहरूमा भएको फैसलामा लिइएको निर्णयाधार यस मुद्दामा आकर्षित हुने नै देखियो । मूल कुरा जग्गाको स्वरूप, कि.नं. जग्गाधनी र मोही फरक नपरेको स्थितिमा २ अनुसूची फरक वडामा प्रकाशित भएको कारणले मात्र जहरू यादव मोही होइन भन्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६४-CI-०३६९, अंश चलन, *पचीसलाल राजवंशी वि. धनबहादुर राजवंशी*

समान अंशियारबीच बण्डा लाग्ने पैतृक सम्पत्ति कुनै अंशियारका नाममा जे जुनसुकै व्यहोराबाट हस्तान्तरण भएको भए पनि बण्डा लाग्ने सम्पत्तिलाई निजी आर्जन भनी मान्न मिल्ने कुनै ठोस एवं वस्तुनिष्ठ प्रमाण पेश हुन आएको देखिएन । यसरी समान अंशियारका बीचमा अंशबण्डा नहुँदै प्राप्त गरेको सम्पत्ति निजी आर्जन वा अन्यथा नठहरेसम्म सगोलको भै बण्डा लाग्ने मान्नुपर्ने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-८६८, जवर्जस्ती करणी, *जीवन रिजाल वि. नेपाल सरकार*

प्रतिवादीलाई वर्ष १७ को भनी जाहेरीमा उल्लेख भए पनि प्रतिवादी स्वयंले अनुसन्धानका क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो उमेर १६ वर्ष भएको भनी उल्लेख गरेको पाइन्छ । अनुसन्धानको

क्रममा प्रतिवादीले अध्ययन गरेको स्कूलहरू भुटानदेवी उच्च माध्यमिक र विद्याश्वरी मा.वि.बाट प्राप्त पत्रबाट निजको व्यक्तिगत विवरणपत्रहरूमा उल्लेख भएअनुसार प्रतिवादीको जन्ममिति २०४८।१।२० गते भन्ने देखिएको छ। अनुसन्धानकै क्रममा प्रतिवादीको उमेर चिकित्सकलाई जाँच्न पठाउँदा निजको उमेर १४/१५ वर्ष भनी लेखिआएको पाइन्छ। प्रतिवादीले अदालतमा बयान गर्दा पेश गरेको चिनामा निजको जन्म मिति २०४९।१।१२ उल्लेख भएको पाइन्छ। यसरी प्रतिवादीको उमेर सम्बन्धमा भिन्नभिन्न तथ्य प्रस्तुत गर्ने कागजात मिसिल संलग्न रहेकोले कुन प्रमाणलाई के आधारमा विश्वास गर्ने अर्को विचारणीय प्रश्न हो। प्रतिवादीको जिकीरअनुरूप निजबाट पेश भएको चिना र सोअनुसार हुन आउने उमेर सम्बन्धमा यी प्रतिवादीले मौकामा जिकीर लिई सो चिना पेश गर्न सकेको पाईंदैन। पेश गरिएको चिनाको समग्र अध्ययन गर्दा सो चिना बनाउने व्यक्तिको नाम नामेसीका साथै सो चिना खडा गरिएको मिति समेत कहीँ कतैबाट खुल्न आउँदैन। सो चिनाको स्वरूपबाटै जो कोही तत्सम्बन्धी ज्ञान भएको व्यक्तिबाट आग्रहका भरमा जहिलेसुकै बनाउन सकिने प्रकृतिको देखिएको छ। मुद्दा चलिसकेपछि खडा गर्न सकिने अप्रमाणित र परीक्षण गर्न समेत सम्भव नरहेको लिखतलाई प्रमाणमा लिन नमिल्ने।

कानूनले नै अन्यथा व्यवस्था गरेकोमा बाहेक विद्यालयमा भर्ना हुने क्रममा लेखाई दिएको जन्म मितिमा अविश्वास गर्न सकिन्न। दुई दुईवटा विद्यालयबाट प्रतिवादीको जन्ममिति २०४८।१।२० भनी लेखिआएको भई वारदात मिति २०६४।२।७ सम्मको अवधि गणना गर्दा निजको उमेर १६।०।१७ अर्थात् १६ वर्ष १७ दिन हुन पुग्दा निजले १६ वर्ष पूरा गरिसकेको मान्नुपर्ने।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल जेठ ४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-००६०, ०६६-CR-००६१, गैंडा मारी खाग बिक्री व्यवसाय गरेको, *गादर पुर्जा मगर वि. नेपाल सरकार, तोरामबहादुर बैंजू वि.नेपाल सरकार*

पुनरावेदक प्रतिवादी तोरमबहादुर बैंजूले अनुसन्धान अकिकारीसमक्ष बयान गर्दा विभिन्न मिति समयमा राष्ट्रिय निकुञ्जभित्र गैंडा मारेको तथ्यलाई स्वीकार गरेको र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा समेत लाहुरे मगर समेतका व्यक्तिहरू भै राष्ट्रिय निकुञ्जको विभिन्न क्षेत्रमा नौवटा गैंडा मारेको, गैंडाको खाग बेच्नका लागि लाहुरे मगर जाने गरेको र नौवटा गैंडा मार्दा रू. ९५,०००।- पाएको हुँ, भनी गैंडा मारेको र आर्थिक लाभ समेत लिएको कुरालाई स्वीकारै गरी आरोपित कसूरमा साविती बयान गरेको देखिन्छ। त्यसैगरी अर्का पुनरावेदक प्रतिवादी लाहुरे भन्ने गादर पुर्जा मगरले मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान हेर्दा निजले प्रतिवादी तोरामबहादुर बैंजू दुईवटा गैंडा मार्ने कार्यमा सहभागी भएका हुन्, वीरमान प्रजाले के कति पैसा दियो थाहा भएन भनी गैंडा मारेको र सो गैंडाको खाग लगी बेचेर अर्थोपार्जन गरेको कुरालाई स्वीकार्दै अर्का पुनरावेदक प्रतिवादी तोरामबहादुरउपर पोल गरी आफू समेत आरोपित कसूरमा सावित रही बयान गरेको देखिन्छ। यसरी यी दुबै पुनरावेदक प्रतिवादीहरूको उपरोक्त साविती व्यहोरा मिति २०६०।१२।२२ को घटनास्थल प्रकृति लास जाँच मुचुल्कालगायत मिति २०६०।८।१५ मो सर्जमीन मुचुल्काका मानिस गंगाराम थारू समेतले लेखाइदिएको व्यहोराबाट समर्थित रहेको देखिँदा प्रतिवादी तोरामबहादुर बैंजू तथा लाहुरे भन्ने गादर पुर्जा मगरलाई जनही कैद वर्ष १५ (पन्ध्र) तथा रू. १,००,०००।- (एक लाख) का दरले जरीवाना हुने।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल जेठ ४ गते रोज ४ शुभम्।

- यसै लगाउको २०६६-CR-००६२, ०६६-CR-००६३, गैंडा मारी खाग बिक्री व्यवसाय गरेको, *तोरामबहादुर बैंजू वि.नेपाल सरकार, गादर पुर्जा मगर वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-१२५७, जोत नामसारी, *रामसुन्दर बकेको वि. तारादेवी चालिसे*

भूमिसम्बन्धी ऐन, २०२१ को संशोधनले मोहीलाई अर्धस्वामी मानेको हुँदा त्यस्तो साम्पत्तिक अधिकारमा असर पर्ने गरी मोहीका हकवाला छोराहरूको मञ्जूरी बेगर नै केवल अर्धस्वामीका रूपमा रहेका जग्गाधनीको स्वेच्छामा मोही जोत नामसारी गरी दिन कानूनसम्मत् नहुने हुनाले मोहीको पत्नी नाताकी तारादेवी चालिसेका नाममा जोत नामसारी हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६८ साल मंसिर २३ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको CI-०४९१, निषेधाज्ञा, *ईश्वरमान तक्षकार वि. गृह मन्त्रालय समेत*

निषेधाज्ञाको आदेश जारी हुनको लागि निवेदकले जुन विषयमा आशंका रहेको भनी माग गरेको छ सो आशंकाको स्थिति पुष्टि हुने अन्य अवस्था र आधारहरू मिसिल संलग्न प्रमाणहरूबाट देखिनुपर्ने हुन्छ । केवल आशंका रहेको भनी निवेदनमा उल्लेख गर्दैमा आशंकाको स्थिति रहेको भन्न नमिल्ने हुनाले निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CR-०१७०, ०२९२, २४७, खून डाँका, *सन्तकुमार लामा समेत वि. नेपाल सरकार, पदमबहादुर थापा मगर वि. नेपाल सरकार, अक्कलबहादुर लामा वि. नेपाल सरकार*

शव परीक्षण प्रतिवेदन, घटनास्थल मुचुल्का प्रतिवादीहरू स्वयंको बयान, जाहेरवालीको अदालतमा भएको बकपत्र, मौकामा बुझिएका व्यक्तिहरूले गरिदिएको बकपत्र समेतका प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीहरूउपरको अभियोग पुष्टि भइरहेको देखिँदा पुनरावेदक प्रतिवादीहरू पदमबहादुर थापा र अक्कलबहादुरले मृतकलाई मारी धनमाल लुट्ने कुरामा मुख्य योजनाकार भै अरू प्रतिवादीहरूलाई वारदात गर्न उचालेको र वारदातमा निगरानी समेत गरेको देखिँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम जनही ११ वर्ष कैद र पुनरावेदक प्रतिवादीहरू सन्तकुमार लामा र राधेश्वर लामालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ।

पुनरावेदक प्रतिवादीहरूले धनमाल चोरी लगेकोमा सावित रही अदालतमा बयान गरेका र जाहेरीमा सुनका गहना समेत जम्मा रू. ७८,१२५।- को धनमाल डाँका गरेको उल्लेख गरेको पाइन्छ । सुनका गहना र गहना बिक्री गरी प्राप्त भएको रमकमध्ये प्रतिवादी सन्तकुमारबाट रू. १४०००।- र प्रतिवादी राधेश्वर लामाबाट रू. १४,०००।-, प्रतिवादी करण लामाबाट रू. २०००।- गरी जम्मा नगद रू. ३०,०००।- बरामद समेत भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादी राधेश्वर लामा र सन्तकुमार लामाले सुनका गहना चोरी गरी ओम श्री सत्यसाई बाबा सुनचाँदी पसल काठमाडौंमा रू. ५०,०००।- मा बिक्री गरेका हौं भनी स्वीकार गरेको र प्राप्त रकम बाँडेकोमा अदालतमा सावित भई बयान गरेको अवस्थामा प्रतिवादीहरू सन्तबहादुर लामा, राधेश्वर लामा, अक्कलबहादुर लामा र पदमबहादुर थापा समेतले अभियोग दावीमा उल्लेख गरेको बिगो रू. ७८,१२५।- को धनमाल डाँका गरेको देखिँदा निजहरूलाई चोरीको महलको १२ नं. र १४(४) नं. बमोजिम जनही बिगोको डेढी जरीवाना र कैद वर्ष ६ समेत हुने ।

इजलास अधिकृतः विष्णु अवस्थी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल साउन २५ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको CR-०१७०, सवारी ज्यान, *नेपाल सरकार वि. जमाल अहमद खाँ मुसलमान*

प्रतिवादीले चलाएको मोटरसाइकलले ५६५७ नं. को मोटरसाइकललाई ठक्कर दिएकोमा सो मोटरसाइकलको पछाडि बसेका जाहेरवालीको श्रीमान् सीताराम बढाई घाइते भई उपचार गर्दागर्दै निजको मृत्यु भएको कुरा जाहेरी दरखास्त, घटनास्थल विवरण, प्रतिवादीको बयान समेतबाट पुष्टि भएको र पीडितले क्रिया खर्च तथा क्षतिपूर्ति समेत बुझिलिएको मिसिल

कागजबाट देखिँदा घटना हुँदाको अवस्था र परिस्थिति समेतलाई दृष्टिगत गरी प्रतिवादीलाई बीस दिन कैद र एकहजार जरीवाना हुने ।
इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको ०६५-CI-०९१८, बाली बिगो, *हिमालयकुमारी कार्की वि. ओमभक्त कार्की*

सर्वोच्च अदालतबाट मिति २०५९।९।१ को फैसलाले कि.नं. २० र कि.नं. ४८ को ज.वि. १-१४-०३ जग्गा वादीको हकमा आइसकेपश्चात् उक्त जग्गाको स्वामित्वको झगडाको अन्त्य भएको र वादीको जग्गा चलन गर्न नपाएको भनी २०६२ सालको बालीको हकमा फिराद परेको हुँदा त्यस्तो बालीको विषयमा फिराद गर्ने हदम्याद मुलुकी ऐन, जग्गा मिच्नेको महलको १८ नं. बमोजिम फिराद गर्नुपर्ने कारण परेको कुरामा थाहा पाएको मितिले ३ वर्ष हुने हुँदा २०६२ सालको बालीको हकमा मिति २०६३।२।२३ मा परेको फिराद हदम्यादभित्र नपरेको भन्न नमिल्ने ।
इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ भदौ १ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको ०६५-CI-०९१७, बाली बिगो, *देवेन्द्रबहादुर कार्की वि. ओमभक्त कार्की* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको स.फौ.पु.नं. ०६६-CR-०३५८, जीवन्ती जडीबुटी ओसारपसार, *नेपाल सरकार वि. दलबहादुर बुढा समेत*

जिल्ला वन कार्यालय, रूकुमको मिति २०६२।८।२६, मिति २०६२।६।९ र मिति २०६२।६।१० को पत्रानुसार प्रतिवादी दलबहादुर बुढालाई ३० दिनभित्र संकलन गर्ने गरी क्रमशः ७२०० के.जी. ३०० के.जी. र ४००० के.जी. गरी जम्मा १४,२०० के.जी. जिवन्तीलगायत अन्य जडीबुटी समेत संकलन गर्न अनुमति दिएको देखिन्छ । मिसिल संलग्न बरामदी एवं नापतौल मुचुल्का हेर्दा प्रतिवादीबाट जम्मा ५५२६.५ किलोग्राम जिवन्ती बरामद भएको देखिन्छ । यसरी प्रतिवादीले संकलन गरी निकासीको लागि छोडपूर्जी समेत प्राप्त गरिसकेपश्चात् सोही जडिबुटी संकलन र निकासीको कसूर लगाई प्रतिवादीलाई पक्राउ गरेको देखिन्छ । कानूनबमोजिम जडिबुटी संकलन र निकासीको छोडपत्र दिने निकाय तथा अधिकारीले दिएको इजाजतपत्रअनुसार जिवन्ती जडिबुटी संकलन र निकासी गरेका प्रतिवादीलाई उक्त जडिबुटी संकलन ओसारपसार गर्ने कार्य कसूरजन्य कार्य हो भनी कसूरदार ठहर गर्नु न्यायोचित नहुने ।
इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल भदौ १ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०२४४, बैना रकम फिर्ता दिलाइपाऊँ, *जानकी चित्रकार वि. हरिकृष्ण श्रेष्ठ*

वादीबाट पेश भएको सक्कल लिखत प्रतिवादीलाई अ.बं. ७८ बमोजिम देखाई बयान गराउँदा प्रतिवादी वारेसले वादीले रकम फिर्ता लिई मिति २०६३।१२।२७ को सक्कल लिखत भनी फोटोकपी गरी सक्कल लिखत वादीले राख्नु भएको रहेछ । वादीले बैना रकम बुझी सक्कल लिखत आफैँसँग राखी जालसाजी गरेको भनी प्रतिवादी वारेसले अ.बं. ७८ नं. बमोजिम बयान गर्दा उल्लेख गरेको देखिन्छ । तर जालसाजी गरेको भन्ने भनाई प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिँदैन । बैनाबट्टाको लिखतमा ब्याज सम्बन्धमा केही उल्लेख नभएको देखिँदा मुलुकी ऐन, लेनदेन व्यवहारको ६ नं. मा लिखतमा ब्याज नलेखिएकोमा ब्याज पाउँदैन भन्ने कानूनी व्यवस्थाबमोजिम वादीले प्रतिवादीबाट सावा मात्र भरी पाउने ।
इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल भदौ १ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०९१५, नापी निर्णय दर्ता बदर दर्ता, *कुँवरदास तत्मा वि. राजवंशीदास तत्मा*

वादीको हकको स्रोतको मिति २०४०।२।६ को लिखतबमोजिम प्राप्त साविक कि.नं. ४४ को ०-०-१३ भन्दा हाल वादीको भोगमा रहेको जग्गा कमी भई विवादित न.नं. २ को जग्गा मिसाउँदा वादीको जग्गा पुग्ने र प्रतिवादीको साविक कि.नं. २५ को नक्सा ट्रेसअनुसार ०-०-३३ जग्गा भएकोमा न.नं. १ मा बढी नै ०-०-५ जग्गा प्रतिवादीको भोगमा रहेको देखिएकोबाट न.नं. २ को ०-०-५ जग्गा वादीको देखिँदा उक्त जग्गाको हकमा वादी दावीबमोजिम १ नं. नापी गोश्वाराले मिति २०५७।२।२५ मा प्रतिवादीका नाममा गरेको नापी निर्णय बदर भई वादीको नाममा दर्ता हक कायम हुनुपर्ने देखिन आउँछ। तसर्थ, न.नं. २ को ०-०-५ जग्गा प्रतिवादीको नामको दर्ता बदर गरी वादीको नाममा दर्ता हुने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल भदौ १ गते रोज ५ शुभम्।

- यसै लगाउको २०६५ सालको दे.पु.नं. ०६५-CI-०९१४,घरजग्गा खिचोला छोडाई चलन, *कुँवरदास तत्मा वि. राजवंशीदास तत्मा* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०७९३, २०६६-FN-७४८१, उत्प्रेषण समेत, *दामोदर रिजाल समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निजामती सेवामा नयाँ दरवन्दी सिर्जना र पदपूर्तिका सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा ६क मा व्यवस्था गरिएको पाइन्छ। उक्त व्यवस्थाबमोजिम कुनै नयाँ कार्यालय स्थापना गर्न संगठन संरचना गर्दा नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरवन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्यप्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण, सोको औचित्य र उपलब्ध मानव स्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्ने र सामान्य प्रशासन मन्त्रालयले सोको मूल्याङ्कन गरी स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने देखिन्छ। केही गा.वि.स. मा कार्यबोझको कारण ऐनको दफा २४घ१ बमोजिम विशेष बढुवा पाएका रा.प. तृतीय श्रेणीका कर्मचारीलाई खटाउने निर्णय गर्दा माथि उल्लिखित दफा ६क को कार्यविधि पूरा नगरेको भनी निवेदकले भन्न सकेको देखिँदैन। कामको प्रकृतिअनुसार कुन श्रेणीको कर्मचारीको दरवन्दी कहाँ आवश्यक पर्छ सो कुराको अध्ययन गरी त्यस्ता श्रेणीका कर्मचारीको दरबन्दी सिर्जना गर्न नेपाल सरकारलाई कानूनले अधिकार दिइरहेको अवस्थामा त्यसलाई अन्यथा भन्न नमिल्ने।

निवेदकहरू निजामती सेवाको प्रशासन समूहअन्तर्गत सामान्य प्रशासन समूहमा कार्यरत् कर्मचारी देखिन्छन्। गा.वि.स. सचिवको छुट्टै सेवा समूह भएको भनी निवेदकले जिकीर लिएको पनि देखिँदैन। एक सेवा समूहको कर्मचारीको सोही सेवा समूहभित्र सरूवा गर्न निजामती सेवा ऐनले रोक लगाएको समेत देखिँदैन। निवेदकहरू ऐनको दफा २४घ१ बमोजिम विशेष बढुवा पाएका कर्मचारी देखिन्छन्। त्यस्ता कर्मचारी बढुवा पाएको पदमा समायोजन हुन सक्ने तथा ऐनको दफा २४घ१ को उपदफा (९) बमोजिम विशेष दरबन्दीमा सरूवा हुनसक्ने नै देखिँदा यसबाट निवेदकको संवैधानिक तथा कानूनी हक उल्लंघन भएको भन्न मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन जारी गरिरहनु नपर्ने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल भदौ ६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CI-१०१२, मोही नामसारी, *तिलकबहादुर भुजेल वि. विष्णुकुमारी बराल*

वादीको बाबु मानबहादुर भुजेल दावीको जग्गाको मोही भएको कुरामा विवाद देखिँदैन। निजको मृत्यु २०५३ सालमा भइसकेको कुरामा पनि दुबै पक्षको मुख मिलेको देखिन्छ। प्रस्तुत मुद्दाको वादी तिलकबहादुर भुजेल दर्तावाल मोही मानबहादुरको

एकमात्र छोरा रहेको कुरामा समेत विवाद देखिँदैन । प्रतिवादीले मोही जग्गा जोतभोग नगरेको भागी छाडेर गएको भन्ने जिकीर लिएको तर्फ हेर्दा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को खण्ड (ग) को कानूनी व्यवस्था हेर्दा "कुनै मोहीले जग्गा छोडी भागेमा वा बेपत्ता भएमा वा तोकिएबमोजिम कुत नबुझाई मोहियानी हक समाप्त भएमा सो कुराको जग्गावालाले लिखित सूचना तोकिदिएको अधिकारीसमक्ष २५ दिनभित्र दिनुपर्छ र तोकिएको अधिकारीले सो कुरा जाँचबुझ गरी दफा २५ को उपदफा ५ को खण्ड (ख) बमोजिम दर्ता किताबमा सच्याउनु पर्छ" भन्ने रहेको देखिन्छ । सो ऐनको व्यवस्थाअनुसार जग्गाधनीले सूचना दिएको वा सोबमोजिम दर्ता किताब सच्याएको अवस्था समेत प्रस्तुत मुद्दामा देखिँदैन । कानूनले व्यवस्था गरेअनुसार मोही निष्काशनतर्फ समेत जग्गाधनी प्रतिवादीतर्फबाट कारवाही चलाएको देखा नपरेको अवस्थामा मोहियानी हक समाप्त हुन नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल भदौ ९ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६६-CI-१०११, अवैध मोही लगत कट्टा, *तिलकबहादुर भुजेल वि. विष्णुकुमारी बराल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको CR-०२३४, कर्तव्य ज्यान, गर्भपतन, आगो लगाएको, *राजेन्द्रबहादुर रावत वि. नेपाल सरकार*

प्रतिवादीले मौकामा बयान कागज गर्दा बाल्टीनले टाउकोमा हानी मारेको भन्ने कुरालाई लास जाँच मुचुल्का एवं टाउकोमा लागेको चोटको कारण मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन समेतबाट थप पुष्टि गरिरहेको अवस्था छ । जहाँसम्म प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजायको अभियोग माग दावी छ, त्यसतर्फ हेर्दा यी प्रतिवादी आफैंले जोखिमी हतियार समेत प्रयोग गरी मृतकलाई कर्तव्य गरी मारेको तथ्य पुष्टि नभई सहअभियुक्तसँग वारदातस्थलमा उपस्थित एवं कुटपीटमा संलग्न भई अपराधमा सरिक भएको स्थिति देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने ।

पवित्रा महरालाई कुटपीट गरेको चोटपटकको कारण गर्भ तुहिन गएको भनी लेखी आएको देखिँदा गर्भपतन गराएतर्फ ज्यानसम्बन्धी महलको २८ नं. बमोजिम प्रतिवादीलाई ५ वर्ष सजाय हुने ।

इजलास अधिकृतः कर्ण राई

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६८ साल कात्तिक १६ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको CR-०२७६, कर्तव्य ज्यान, *रामटहल यादव वि. नेपाल सरकार*

प्रतिवादी रामटहल यादवले अदालतसमक्ष बयान गर्दा कसूरमा इन्कार रहेको देखिए तापनि माथि उल्लिखित परिस्थितिजन्य प्रमाणहरूबाट निज प्रतिवादी भदई यादवको हत्या गर्ने गराउने कार्यमा संलग्न रहेको पुष्टि भइरहेको देखिन्छ भने अर्कोतर्फ पुनरावेदक प्रतिवादीले प्रहरीले कुटपीट गरी डर, त्रास देखाई बयान कागजमा जवर्जस्ती सहीछाप गराएको भनी जिकीर लिए पनि कुटपीटको कारण घाउ चोट लागेको भनी प्रमाणित गर्न एवं सो सम्बन्धमा जिकीर लिन समेत सकेको पाइँदैन । त्यसकारण मृतक भदई यादवको मृत्यु कर्तव्यबाट भएको भन्ने कुरामा पुनरावेदक/प्रतिवादी समेतबाट कुनै विवाद नभएको, निज पुनरावेदक रामअटल यादव एवं अर्को प्रतिवादी सोनमती यादवले अपराधमा सावित भै अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानहरूलाई अन्यथा भन्न सकिने अवस्था नभै निजहरूको उक्त बयानलाई जाहेरी दरखास्त लगायत मिसिल संलग्न कागजातहरू एवं परिस्थितिजन्य प्रमाणहरू समेतबाट समर्थित भइरहेको स्थितिमा भदई यादवलाई मार्ने कुरामा सोनमती अहिरले सहमति जनाएकी र रामटहल यादवले पनि षड्यन्त्र गरी मार्न लगाएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको १६ नं. बमोजिम प्रतिवादी रामटहल यादवलाई १२ वर्ष कैद हुने ।

इजलास अधिकृतः कर्ण राई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल कात्तिक १६ गते रोज ४ शुभम् ।

**इजलास नं. ८**

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०६४०, उत्प्रेषणयुक्त परमादेश, *ठाकुरमान मास्के वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले दावी लिएका कि.नं. ३८४ र ३५१ का जग्गा २०४४।९।२ को निर्णयले तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भएकोमा उक्त मिति २०४४।९।२ को निर्णय बदर गरिपाऊँ भनी निर्णय भएको २० वर्षपछि मिति २०६४।९।३० मा प्रस्तुत रिट निवेदन दायर गरेको देखिएको छ। निवेदकले अति नै बिलम्ब गरी प्रस्तुत निवेदन दायर गरेको र यतिका वर्ष बिलम्ब हुनुको कुनै मनासिब कारण र औचित्य निवेदकले देखाउन सकेको अवस्था समेत छैन। मिति २०३८।९।२८ मा निवेदन गरेको भनी उल्लेख गरे पनि २०४४।९।२ को निर्णयपछि समय समयमा निवेदन गरेको भन्ने जिकीर लिन सकेको अवस्था छैन। आफ्नो अधिकारप्रति सचेत नरहने, अनावश्यक ढिलाई गर्ने वा हक नै सिर्जना हुन नसक्ने प्रकृतिको विवादलाई आफ्नो हक हनन् भएको भनी प्रचलन गराउन खोज्ने त्यस्ता व्यक्तिका लागि असाधारण अधिकारक्षेत्र प्रयोग गरी रिट जारी हुन नसक्ने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल साउन १९ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-०६१५, उत्प्रेषणयुक्त परमादेश, *टेकबहादुर गुरुङ वि. मालपोत कार्यालय, संखुवासभा, खाँदबारी समेत*

निवेदकले दावी गरेको कि.नं. ५४५ को जग्गा निवेदकको हकभोग तिरोको हो होइन, वनक्षेत्र डिमार्केशन लगाएको छ छैन, यथार्थ प्रमाण बुझी ७ नं. फाँटबारी समेतका प्रमाणको मूल्याङ्कन तथा नक्सा सर्जमीन समेतका कानूनबमोजिमका प्रक्रिया पूरा गरी निवेदकको भोग हो वा होइन यकीन गरी निर्णय गर्नुपर्नेमा सो गरेको नदेखिँदा जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ख बमोजिम गठित समितिले निवेदन दावीको कि.नं. ५४५ को जग्गा दर्ता गर्न नमिल्ने भनी मिति २०५२।४।९ मा गरेको निर्णय तथा सोही निर्णको आधारमा मालपोत कार्यालय संखुवासभाबाट मिति २०६५।८।१७ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब जे जो बुझ्नु पर्दछ प्रमाण बुझी कानूनबमोजिमको प्रक्रिया पूरा गरी निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल साउन १९ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-CR-०५४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. छोटेलाल महरा चमार*

प्रतिवादी मृतकको आफ्नै छोरा भएको भै बाबु छोराबीचमा कुनै पूर्व रिसइवी थियो भन्ने पनि देखिँदैन। मृतकमा बराबर रक्सी खाइरहने लत रहेको भन्ने जाहेरवाली तथा यी प्रतिवादीले समेत मिति २०६४।१।२० गते दाउरा लिन गएको अवस्थामा रक्सीको नसामा झगडा गरेको भन्ने भनाईबाट एवं प्रहरीमा कागज गर्ने मृतकका अर्का छोरा सोनालाल चमार, बुझिएका वताही राम समेतको भनाईबाट देखिएको छ। पूर्व रिसइवी नभएको तथा यो यस कर्तव्यबाट मरेको भन्ने पुष्टि भएको अवस्थामा आफ्नै बाबुलाई मार्नुपर्ने सम्मको मनसाय पुष्टि हुने कुनै तथ्य समेत मिसिलबाट देखिन आएको पाईदैन। मृतक लासको पोष्टमार्टम हुन नसकी मृत्युको कारण नखुलेको अवस्थामा जाहेरवालीको जाहेरीबाट समेत प्रतिवादीको के कुन कर्तव्यबाट बाबुको मृत्यु भएको हो भनी स्पष्ट हुन नआएको अनुसन्धानको क्रममा बुझिएका जोगिन्द्रराम चमार, सोनालाल चमार, बताहीराम समेतको कागज हेर्दा मृत्युका सम्बन्धमा निजहरूले अनभिज्ञता प्रकट गरेको समेत अवस्थामा केवल शंकाको भरमा यी प्रतिवादीलाई आफ्नै बाबु खहेरू राम चमारको मृत्युको अभियोगमा कसूरदार ठहर गर्न नमिल्ने।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल साउन ३० गते रोज २ शुभम्।

**इजलास नं. ९**

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०१२९, उत्प्रेषण परमादेश, *कृष्णराज जोशी समेत वि. काठमाडौं विश्वविद्यालय काभ्रेपलाञ्चोक, धुलीखेल समेत*

निवेदकहरूलाई पाँचौं सेमेष्टरमा अध्यापन गराएको वा नगराएको, निर्धारित पाठ्यक्रमअनुसार निजहरूले सैद्धान्तिक र व्यावहारिक अध्ययन तथा प्रयोग गरे नगरेको र निवेदकहरूलाई पनि निजहरूका समूह (व्याच) का अन्य विद्यार्थीसरह नै अध्ययन कार्यक्रममा समावेश गराइएको भए २०६७।४।१३ को पत्र विश्वविद्यालयलाई किन पठाइएको हो भन्ने समेतका विषयमा समुचित उत्तर दिनसक्ने नोबेल मेडिकल कलेजले यस अदालतको सूचना रीतपूर्वक बुझेर पनि जवाफ नदिई गैरजिम्मेवारीपन प्रदर्शित गरेको छ। निवेदनमा नै प्रत्यर्थी बनाइएको पक्षसँग सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(१) बमोजिम बुझ्न सकिने स्थिति पनि रहेन र म्यादभित्र लिखित जवाफ नदिने पक्षलाई पुनः लिखित जवाफ दिन लगाउने स्थिति पनि रहेन। नोवेल मेडिकल कलेजको भनाई नसुनी र अभिलेख नहेरी निवेदकहरूको पाँचौं सेमेष्टरको अध्ययन तथा परीक्षाफल विधिसम्मत् रहे नरहेको निष्कर्ष निकाल्न नसक्ने ।

शिक्षा दिने र दिलाउने पुनीत कार्यमा कुनै पनि किसिमको लापरवाही क्षम्य हुनु हुँदैन। साथै शिक्षा हासिल गर्ने क्रममा विद्यार्थीहरूबाट पनि त्यत्तिकै अनुशासनको अपेक्षा राखिन्छ। चिकित्सक उत्पादन गर्ने शिक्षाको कमीकमजोरीले कैयौं व्यक्तिहरूको जीवन धरापमा पर्न सक्दछ। शैक्षिक कार्यक्रम भनेको परीक्षाफल मात्र होइन, नियमित रूपमा कक्षामा हाजिरी, सैद्धान्तिक अध्ययन र मेडिकल जस्तो प्राविधिक शैक्षिक कार्यक्रममा प्रयोगशालामा अनिवार्य उपस्थिति र प्रयोगात्मक अभ्यास पनि शैक्षिक कार्यक्रमको अभिन्न अंग हो। शिक्षकको कक्षाकोठामा हुने निर्देशनका आधारमा विद्यार्थीले गर्ने अध्ययनबाट प्राप्त हुने ज्ञान नै सही अर्थको शिक्षा हो। शिक्षाको स्तर र सम्बन्धन दिइएको कलेजहरूको शैक्षिक प्रवन्ध अनुगमन निर्देशन तथा विद्यार्थीको परीक्षा लिने जिम्मेवारी सम्बन्धित विश्वविद्यालयको हो। निवेदकहरूको पाचौं सेमेष्टरको विवादलाई यही अर्थमा हेरिनुपर्ने ।

अदालत नागरिकहरूको मौलिक अधिकारको रक्षक हो। आफ्ना संविधान र कानूनद्वारा प्रत्याभूत हकमा कुनै पनि किसिमका आँच आएमा वा आउने सम्भावना देखेमा अदालत प्रवेश गर्न पाउने नागरिक हकको निवेदकहरूले अनुशरण गरेको छन्। आफ्नो मौलिक तथा कानूनी हकको प्रचलनार्थ अदालत प्रवेश गर्ने नागरिकहरू यसै कारणबाट कुनै पनि किसिमले प्रत्यक्ष वा परोक्ष रूपमा प्रतिशोधको शिकार हुन हुँदैन। यसो भएको पाएमा ती निरीह नागरिकको कानूनबमोजिम संरक्षणार्थ अदालत स्वयम् नै अग्रसर हुन्छ र त्यस्ता नागरिकलाई समुचित संरक्षण दिनु यो अदालतको कर्तव्य नै हो। यस अर्थमा यस अदालतबाट निवेदकहरूका हकमा यस अदालतबाट यस अघि जारी आदेशको परिपालना हुनुपर्ने ।

निवेदकहरूलाई दोस्रो वर्षको परीक्षामा नक्कल गरेको भनी गरिएको सजाय यस अदालतबाट बदर भइसकेबाट एम.बी.बी.एस. को दोस्रो भागमा अध्ययन गर्न पाउने निजहरूको हक पहिले नै सुरक्षित भइसकेबाट सो सन्दर्भमा केही बोलिरहन परेन। यसै अदालतको अन्तरिम आदेशको कारणबाट निवेदकहरूले छैठौं सेमेष्टर तथा सोपछिका अन्य सेमेष्टरलगायतका शैक्षिक कार्यक्रममा निवेदकहरूको समूह (ब्याच) का अन्य विद्यार्थीसरह नै सरिक गराउनु पर्ने भई यस प्रतिकूल भएका कामकारवाही निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

पाँचौं सेमेष्टरका हकमा निवेदकहरूलाई प्रत्यर्थी नोबेल मेडिकल कलेजले निर्धारित पाठ्यक्रअनुसार विधिवत् सैद्धान्तिक तथा व्यावहारिक कक्षामा सरिक गराई निवेदकहरू नियमानुसार कक्षामा उपस्थित रही सो सेमेष्टरको परीक्षामा उत्तीर्ण भएका भए निजहरूलाई उक्त सेमेष्टरको अध्ययनमा पुनः सरिक गराउन न्यायोचित् नहुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल पुस ७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको रिट नं. WO-१३३१, उत्प्रेषण परमादेश, *मनोजकुमार चमार वि. दलित मुक्ति प्रा.वि. लक्ष्मीपुरको विद्यालय व्यवस्थापन समिति, घोडदौड पिप्रा पर्सा समेत*

विद्यालयमा अभिभावक भेला गराई सो भेलाबाट सिकन्दर रामलाई अध्यक्ष मनोनयन गरेको देखिएको र उक्त २०६६।११।२० को निर्णयमा निवेदक समेत रही हस्ताक्षर समेत गरेको अवस्था देखिन्छ भने सिकन्दर राम लेखपढ गर्न नजान्ने व्यक्ति भएको भन्ने सम्बन्धमा निजले उक्त निर्णयमा हस्ताक्षर समेत गरेको देखिँदा सो निवेदन जिकीर तर्कसंगत देखिन आएन। तसर्थ, विद्यालय व्यवस्थापन समितिको पुनर्गठनसम्बन्धी मिति २०६६।११।२० मा भएको निर्णय बदर गर्नुपर्ने अवस्था नदेखिँदा सो सम्बन्धमा रिट जारी हुने अवस्था विद्यमान नदेखिने।

निवेदक मनोजकुमार चमारलाई नियुक्ति दिने निर्णयमा विद्यालयको निजी स्रोतबाट तलव भत्ता खाने गरी नियुक्ति गरिएको भनी उल्लेख गरी नियुक्तिपत्र दिएको नदेखिएको र मिति २०६६।११।२३ को विद्यालय व्यवस्थापन समितिको निर्णयमा सो कारणबाट निवेदकलाई हटाएको नभई विभिन्न अन्य आरोपमा हटाएको देखिएको अवस्था छ। अन्य आरोपहरू लगाई कारवाही गरी हटाउने कार्य गर्दा निज निवेदकलाई सफाइको मौका दिनुपर्नेमा सफाइको मौका नदिई हटाएको देखिन्छ। एउटा सार्वजनिक निकाय विद्यालयमा नियुक्त भई कार्य गर्दै आएका शिक्षकलाई निजले कानून एवं शिक्षा ऐन, नियमावलीविपरीत कार्य गरेमा निजलाई कानूनबमोजिमको प्रक्रिया पूरा गरी कारवाही गर्नुपर्नेमा सो गरेको भन्ने विपक्षीको लिखित जवाफ एवं मिसिल संलग्न कागजबाट देखिन आएन। यसप्रकार निवेदकलाई बर्खास्त गर्दा पूरा गर्नुपर्ने कार्यविधि पूरा नगरी मनोमानी ढङ्गबाट व्यवस्थापन समितिले निवेदकलाई बर्खास्त गर्ने गरी गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्त समेत विपरीत भै निवेदकको रोजगारीसम्बन्धी मौलिक हकमा समेत आघात पर्न गएको देखिँदा विद्यालय व्यवस्थापन समितिको मिति २०६६।११।२३ को उक्त निर्णय र २०६७।१।२ को निवेदकलाई शिक्षक पदबाट बर्खास्त गरेको बारेको पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। यसरी निवेदकको बर्खास्तगी गैरकानूनी देखिएबाट निजलाई पूर्ववत् कामकाज गर्न दिनु र निवेदकलाई उक्त बर्खास्त गरेको अवधिबाट नै नियमानुसारको पाउने तलब भत्ता समेत दिनु भनी विद्यालय व्यवस्थापन समितिका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः विष्णु अवस्थी
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** परमादेश लगायत, ०६७-WO-०८६३, *मानबहादुर खत्री समेत वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

धर्मनिरपेक्ष राज्यमा सरकार वा सरकारका निकायहरू धर्मबाट पृथक रहनु पर्छ भन्ने मानिन्छ। तर, यसको अर्थ ऐतिहासिक तथा धार्मिक महत्वका स्थानको संरक्षणमा सरकारको प्रशासकीय जिम्मेवारी हुने कुरामा विवाद छैन। धार्मिक कार्यमा आमजनसाधारण संलग्न हुने हुँदा सार्वजनिक शान्ति र सुव्यवस्था कायम राख्ने सम्बन्धमा राज्यको जिम्मेवारी अपरिहार्य हुन जान्छ। त्यसैले धर्म र धार्मिक गतिविधिहरूमा राज्यले पूर्ण रूपले अहस्तक्षेप वा तटस्थताको नीति अवलम्बन गरे पनि धार्मिक स्थलको संरक्षण सम्बर्द्धन र शान्ति सुरक्षाको दायित्व निर्वाह गर्न भने अपरिहार्य देखिने।

धर्मनिरपेक्ष मुलुक भए पनि इतिहास, संस्कृति, परम्परा र धार्मिक संस्कारलाई पशुपति क्षेत्र विकास कोषका रूपमा सो सञ्चालन प्रबन्धन र व्यवस्थापन गरेको छ। जो धार्मिक निरपेक्षता प्रतिकूल छैन। धर्मनिरपेक्षता भनेको राज्यको धर्ममा अहस्तक्षेपकारी भूमिका कायम राख्दै राज्यमा बस्ने विभिन्न धर्मावलम्बीहरूको धर्मलाई समान रूपले सम्मान दिनुपर्छ भन्ने मान्यता मात्र हो। एउटा धार्मिक आस्थामा अर्को धर्मको अतिक्रमण रोक्नु धर्म निरपेक्षता नै हुने, धर्म सापेक्षता नहुने।

नागरिकहरूको स्वतन्त्रताको संरक्षणका निमित्त सुरक्षा उपलब्ध गराउन राज्यको काम हो । त्यसमा पनि मृत्यु संस्कार जस्तो अनिवार्य सामाजिक संस्कार अवलम्बन गर्ने व्यक्तिको हकलाई सुरक्षा दिनबाट राज्य पन्छिने हो भने संविधानद्वारा प्रदत्त धर्मसम्बन्धी हक सुरक्षित हुनसक्ने अवस्था नहुने ।

अन्य धर्मलाई दखल पर्ने अवस्थामा धार्मिक ऐतिहासिक, पुरातात्विक एवं वातावरणीय महत्वका स्थानमा वा त्यस्तै अन्य कारणले वा शान्ति सुरक्षाका दृष्टिकोणले संवेदनशील स्थानमा बाहेक धार्मिक सम्प्रदाय वा व्यक्तिहरूले आफैंले व्यवस्था गरेको स्थानमा धार्मिक संस्कार सम्पन्न गर्ने कार्यमा शान्ति सुरक्षा दिनु सरकारको दायित्व हुने ।

व्यक्ति विशेषले प्रवन्ध गर्नुपर्ने समाधिस्थल उपलब्ध गराउने जिम्मा राज्यले लिनु पर्दछ भन्नु न्यायोचित् हुन सक्तैन । त्यसैले काठमाडौं उपत्यका र नेपालको प्रत्येक जिल्लामा चिहानका लागि जग्गा उपलब्ध गराई पाऊँ र काठमाडौं उपत्यकामा जग्गा उपलब्ध नगराएसम्म पशुपतिक्षेत्रको वनजङ्गलमा लास गाड्ने प्रवन्ध गराई पाऊँ भन्ने निवेदन दावीलाई कानूनसंगत मान्न नसकिने ।

मुलुकभर प्रचलित सबै धर्म र सबै सम्प्रदायलाई उनीहरूले चाहेअनुसारको चिहान निर्माण गर्न भूमिलगायतका सुविधा उपलब्ध गराउन राज्यको कर्तव्य हुन्छ भन्नु यथार्थपरक र कानूनसम्मत् नहुने ।

समाजको विकासको क्रममा कतिपय धार्मिक संस्कार र प्रचलनहरू क्रमशः र निरन्तर परिवर्तन भइरहेको पाइन्छन् । नेपालको सन्दर्भमा पनि धार्मिक तथा सामाजिक संस्कारमा निरन्तर परिवर्तन हुनु स्वाभाविक हो । यो विषय समाजको आवश्यकतासँग पनि सम्बन्धित हुन्छ । व्यक्तिलाई आफूले विश्वास गरेको धर्म र धार्मिक क्रियाकलापको अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता हुन्छ । त्यसमा कसैले व्यवधान खडा गर्न मिल्दैन । प्रत्येक धर्म र सम्प्रदायको अन्तिम संस्कारको परम्परा र प्रचलनलाई एकअर्काले सम्मान गर्नुपर्दछ । लास गाड्नका लागि जमीन आवश्यक पर्ने र त्यसमाथि स्थायी संरचना बनाउने कार्यले वातावरणलाई प्रतिकूल असर पर्ने कुरालाई नकार्न नसकिने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६८ साल जेठ ११ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६७-WO-०८९१, उत्प्रेषण, *भरतमणि जंगम वि. पशुपतिक्षेत्र विकास कोष, गौशाला वनकाली समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १०

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६८ सालको रिट नं. ००५४, उत्प्रेषण, *नरोत्तम वैद्य वि. माननीय मन्त्री, संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय समेत*

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ बमोजिम परिषद्को कोषाध्यक्ष पदमा रिट निवेदकलाई मनोनयन गरिएको भन्ने विषयमा विवाद देखिँदैन । उक्त ऐनले दफा ८.६ मा मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ भनिएको हुँदा कानूनद्वारा नै कोषाध्यक्ष पदको निश्चित् Tenure चार वर्ष तोकिएको देखिन्छ । ऐ. ऐनको दफा २.१.६ मा सदस्य भन्नाले परिषद्को कोषाध्यक्ष समेत जनाउँछ भनिएको पाइन्छ । यी रिट निवेदकको मनोनयन मिति २०६६।३।१६ मा चार वर्षको लागि भएकोमा सो मितिले चारवर्ष पदावधि व्यतीत नहुँदै मिति २०६८।४।११ मा अवकाश दिएको देखिन्छ । साथै कोषको ऐनको उद्देश्यविपरीतको सदस्य सचिवको कार्यहरू नरोकेको भन्ने आधार देखाई निवेदकलाई अवकाश दिएको भन्ने निजको अवकाश पत्रबाट खुलेको देखिन्छ । पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को अध्यक्ष विपक्षी मन्त्री आफैं हुने भन्ने ऐनको दफा ७ र ८.१ मा व्यवस्था गरेको देखिँदा आफैं अध्यक्ष भएको व्यक्तिले कोषाध्यक्षबाट मनोमानी भएको पाइएमा रोक्ने कानूनी उपचारहरूको अवलम्बन गर्नुपर्नेमा उल्टै अवकाश

दिने कार्य सामान्य विवेक, तर्क र कानूनसम्मत् देखिन नआउने ।

पशुपति क्षेत्र विकास कोषको कोषाध्यक्ष पदबाट रिट निवेदकलाई अवकाश दिने भनिएको विपक्षी परिषद्को अध्यक्षको मिति २०६८।४।११ को पत्र, सोसँग सम्बन्धित निर्णय उक्त अवकाशसँग सम्बन्धित सम्पूर्ण कामकारवाही तथा विपक्षी मोहनप्रसाद ढकाललाई कोषाध्यक्ष पदमा मनोनयन गरेको सम्बन्धमा भएको मिति २०६८।४।११ को निर्णय र सोही मितिको पत्र तथा सो सँग सम्बन्धित सम्पूर्ण कामकारवाही समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, निवेदकलाई कोषाध्यक्ष पदमा मनोनयन गरिएको मिति २०६६।३।१६ बाट पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को कोषाध्यक्ष पदमा चार वर्षसम्म साविकबमोजिम नै कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाउँमा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल मंसिर २५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. ०३२२, उत्प्रेषण, *कृष्ण शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रचलित कानूनमा स्पष्ट व्यवस्था गरी तोकिएको आधार, कारण र अवस्थामा बाहेक अन्य अवस्थामा कुनै पनि न्यायिक तथा अर्धन्यायिक निकायले आफ्नो निर्णय आफैंले बदर गर्न वा इन्साफमा असर पर्ने गरी फेरबदल वा संशोधन गर्न हुँदैन भन्ने सर्वमान्य न्यायिक सिद्धान्त हो र न्याय प्रशासन ऐन, २०४८ को दफा १९(२) ले यो सिद्धान्तलाई अझ स्पष्ट पार्ने ।

यस अदालतको संयुक्त इजलासबाट प्रतिपादित सिद्धान्त हेर्दा "निर्णय भइसकेपछि त्यस्तो निर्णयलाई सोही भूमिसुधार कार्यालय आफैंले बदर गर्ने अधिकार प्रचलित नेपाल कानूनले प्रदान गरेको पाइन्न" (*नेकाप* २०४१ नि.नं. २०८५ पृष्ठ १०१७) भनी बिल्टु यादव विरूद्ध रामदेवी प्रधानाङ्ग भएको मुद्दामा स्पष्ट रूपमा बोलिएको देखिँदा निवेदक कृष्ण शर्मा विवादित कि.नं. १४० ज.वि. ०-१६-० को निर्विवाद मोही देखिन आएकोले भूमिसुधार कार्यालय, रौतहटबाट भएको मिति २०६७।६।४ को निर्णय र नेपाल सरकारबाट भएको सोही मिति २०६७।६।४ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, भूमिसुधार कार्यालय, रौतहटबाट भएको मिति २०६७।१।३१ को निर्णय यथावत् कायम राखी निवेदकको नाउँको मोहियानी हकको जग्गा सार्वजनिक रूपमा प्रयोग गर्ने, जोत भोगमा हस्तक्षेप गर्ने समेतका कुनै पनि कार्य नगर्नु नगराउनु र निर्वाध रूपमा निवेदकलाई भोगचलन गर्न दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल मंसिर २५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CR-०४९९, लागू औषध (खैरो हेरोइन), *सनकहवा भन्ने शेष सलिम वि. नेपाल सरकार*

प्रतिवादी पञ्च गुरुङ र सूर्य जलारीले अदालतमा बयान गर्दा समेत वारदात मितिमा पुनरावेदक प्रतिवादीको घरमा गएका र खैरो हेरोइन सेवन गर्नको लागि पुनरावेदक प्रतिवादीलाई दुबैजनाले जनही १,०००।- दिएको र एक एक खुराक खाई सुतिरहेको अवस्थामा प्रहरी आई पक्राउ गरी लगेको भन्ने व्यहोरा उल्लेख गरेको र प्रतिवादीको घरमा उक्त लागू औषध बरामद भएको र पुनरावेदक प्रतिवादी समेत त्यहाँ रहेको भनी पुनरावेदककै साला नाता पर्ने प्रतिवादी किशोरी महतोले निजलाई पोल गरी बयान गरेकोले निजलाई पोल गर्नुपर्ने अन्य कुनै कारण नदेखिएको तथा अन्य कारण रहेको भनी पुनरावेदकले समेत जिकीर लिन नसकेको हुँदा प्रतिवादीले आफू वारदातस्थलमा नरहेको भनी लिएको जिकीर कुनै तथ्ययुक्त र विश्वसनीय प्रमाणबाट पुष्टि नभएकोले पुनरावेदक प्रतिवादी सनकहवा भन्ने शेष सलिमलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को देहाय (घ) र

.(च) अन्तर्गतको कसूर गरेको ठहऱ्याई उक्त ऐनको दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू. ५,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल भदौ ११ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CR-०४३९, बहुविवाह, *नेपाल सरकार वि. गोकुलबहादुर अधिकारी समेत*

"अनुसन्धान तहकीकात गर्ने अधिकार प्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारवाही अगाडि बढ्न सक्ने भएकोले जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने" भनी सिद्धान्त प्रतिपादन भैरहेको र यस अदालतबाट प्रतिपादित नजीर सिद्धान्त अर्को नजीर प्रतिपादन नभएसम्म वा अन्य कानूनी व्यवस्था नभएसम्म अनिवार्य रूपमा पालना गर्नुपर्ने हुँदा शुरू एवं पुनरावेदन अदालतबाट हदम्यादको अभावमा अभियोग दावी खारेज गर्ने गरेको फैसला उक्त सिद्धान्त समेतको विपरीत भै मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब उक्त मुद्दामा जो जे बुझ्नुपर्ने हो बुझी कानूनबमोजिम फैसला गर्नु भनी पुनः इन्साफको लागि मिसिल शुरू काठमाडौं जिल्ला अदालतमा पठाई दिने ।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल भदौ ११ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CR-०२१४, ०६६-CR-०३१५, लागू औषध खैरो हेरोइन, *नेपाल सरकार वि. बुद्धिजंग गुरुङ समेत वाङ्गडुङ्ग थापा तामाङ वि. नेपाल सरकार*

प्रतिवादी वाङ्गडुङ्ग थापा तामाङले अदालतसमक्ष बयान गर्दा आरोपित कसूर गरेकोमा इन्कार रही बयान गरेको भए तापनि मिति २०६३।८।८ को खानतलासी/बरामदी मुचुल्कालाई अन्यथा हो भनी प्रतिवादीले प्रमाणित गर्न नसकेको अवस्था हुँदा केवल अदालतसमक्ष गरेको इन्कारी बयानकै आधारमा मात्र यी पुनरावेदक प्रतिवादीलाई निर्दोष मान्न पनि मिलेन। पुनरावेदक प्रतिवादी वाङ्गडुङ्ग थापा तामाङका साक्षी हर्कमान तामाङले वाङ्गडुङ्ग थापा तामाङलाई खानतलासी तथा बरामदी मुचुल्कामा लेखिएको स्थानमा पक्राउ नगरी बौद्धमा पक्राउ गरेको र पक्राउ गर्दाको समयमा आफू पनि निज प्रतिवादीसँगै भएको भनी अदालतसमक्ष बकपत्र गरेको देखिए तापनि प्रतिवादी वाङ्गडुङ्ग थापा तामाङले अदालतसमक्ष बयान गर्दा आफूलाई बौद्धमा पक्राउ गर्दा आफ्नो साक्षी हर्कमान तामाङ पनि साथमा थिए भनी भन्न नसकेको हुँदा निजका साक्षीको उक्त बकपत्र प्रमाणग्राह्य देखिएन। बरामदी मुचुल्काको काम तामेल गर्ने व्यक्ति प्र.ना.नि. सुरेश थापाले अदालतसमक्ष बकपत्र गर्दा यी पुनरावेदक प्रतिवादीलाई लागू औषध र तराजुसहित विष्णुमती पुल नजीकबाट पक्राउ गरिएको हो भनी बकपत्र गरेको देखिँदा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ),(ङ)(च) मा उल्लिखित कसूर गरेको देखिने।

प्रतिवादी वाङ्गडुङ्ग थापा तामाङले खरीद गरी ल्याएको लागू औषध बिक्री वितरण गर्नका लागि ग्राहकसम्म खोजी हिंड्ने यी प्रत्यर्थी प्रतिवादीहरू विजय गुरुङ भन्ने बुद्धिजंग गुरुङ र लालबहादुर गुरुङ्ग मतियारसम्म देखिएकोले प्रतिवादी वाङ्गडुङ्ग थापा तामाङलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ), (ङ), (च) को कसूरमा सोही ऐनको दफा १४(१) (छ), (३) बमोजिम १६ वर्ष कैद र रू. ७ लाख जरीवाना हुने तथा प्रतिवादीहरू विजय गुरुङ भन्ने बुद्धिजंग गुरुङ र लालबहादुर गुरुङलाई सोही ऐनको दफा १७ बमोजिमको कसूरमा जनही ८(आठ) वर्ष कैद र रू.३,५०,०००।- (तीन लाख पचासहजार) जरीवाना हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल साउन १८ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CI-०९४३, अंश, *कृष्णमाया गोठे समेत वि. पुण्यबहादुर गोठे*

मोहीले मोही हकबापत जग्गा पाउने अधिकारयुक्त कानूनी व्यवस्था अंश हुँदाका बखत

नरहेको र भूमिसम्बन्धी ऐन, २०२१ को मिति २०५३।०९।२४ मा चौथो संशोधन भई मोही जग्गामा आंशिक साम्पत्तिक अधिकार प्रदान गरिएको हुनाले रीतपूर्वक अंश छुट्टिएको अंशियारले पछि आएको कानूनबाट पाएको वा पाउने सम्पत्तिमा पहिले अंश छुट्टिसकेको अंशियारको हक हुन नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको फौ.पु.नं. ०५२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवीराम बुढा*

ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्ने सम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ भनी ज्यानसम्बन्धी महलको १४ नं. मा उल्लेख भएको पाइन्छ । प्रस्तुत वारदातमा प्रतिवादीले मृतकको ज्यान लिने मनसाय राखेको पाइँदैन । निज प्रतिवादीले जोखिमी हतियार प्रयोग गरेको नभई दोहोरो कुटाकुट भएको अवस्थामा वारदातस्थलमा फेला परेको दाउराले मृतकउपर प्रहार गरेको र सोही प्रहारको कारणबाट मृतकको मृत्यु भएको देखिँदा निज प्रतिवादी देवीराम बुढालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः शम्भु शाह

इति संवत् २०६८ साल मंसिर २० गते रोज ३ शुभम् ।

## अन्तरिम आदेश

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. ०६८-WO-०५२४, उत्प्रेषण परमादेश समेत, *हरिप्रसाद शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने सम्बन्धमा रहेको कानूनी जटिलता र महत्वसम्बन्धी प्रश्न उठाई यस इजलाससमक्ष पेश भएको देखिन्छ । यस्तो अवस्थामा अन्तरिम आदेशसम्बन्धी आधारभूत सिद्धान्तहरूमाथि विचार गर्दै यस्तै विषयवस्तु समावेश भएका विभिन्न रिट निवेदनहरूमा यस अदालतबाट हुने गरेका निर्णय एवं अन्तरिम आदेशको अवलोकन गरी न्यायिक प्रचलन (Judicial Trend) समेत हेर्नु पनि आवश्यक देखिएको छ ।

प्रस्तुत रिट निवेदन गुठी संस्थान जस्तो एउटा सार्वजनिक संस्थाको पदाधिकारीको कार्यकालसँग सम्बन्धित रहेको देखिन्छ । यस्तै प्रकृतिका अन्य सार्वजनिक वा सरकारी निकाय वा संस्थामा नियुक्त भएका पदाधिकारीको कार्यकाल बाँकी रहँदै निजलाई अवकाश दिने गरी भएका निर्णयहरू उपर यस अदालतमा दायर भएका अनेक रिट निवेदनहरूको विषयबस्तु समेत प्रस्तुत रिट निवेदनको विषयबस्तुसँग मिल्दोजुल्दो भएको र त्यस्ता रिट निवेदनहरूमा भएका अन्तरिम आदेशहरूमा एकरुपता नदेखिएको भन्ने सन्दर्भमा ती रिट निवेदनहरूमा समावेश भएका विषयहरूको अवलोकन गर्नुपर्ने आवश्यकता यस इजलासले महसूस गरेको छ । त्यस्ता रिट निवेदनहरूको समग्र अवलोकन गर्दा सामान्यतया निम्न विषयवस्तुहरू समावेश भएका रिट निवेदनहरू यस अदालतमा दायर हुने गरेको पाइएको छ-

१. कानूनले निश्चित् समयावधि तोकेको वा कुनै ऐन, नियम, विनियम वा सूचित आदेशले पदावधि किटान गरेको र सोही कानूनी प्रावधान उल्लेख गरी वा नगरी वा निश्चित् पदावधि उल्लेख गरी नियुक्त वा मनोनयन गरिएको पदाधिकारीलाई अवकाश दिइएको विषय ।

२. कानूनमा पदावधि किटान गरिएको तर नियुक्ति वा मनोनयनपत्रमा पदावधि उल्लेख नगरी कानूनको सम्बन्धित प्रावधान मात्र उल्लेख गरी सोबमोजिम नियुक्ति दिइएको वा मनोनयन गरिएको पदाधिकारीलाई अवकाश दिइएको विषय ।

३. कानूनमा निश्चित् पदावधि भए पनि अख्तियारवालाले नियुक्त वा मनोनयन गर्दा निश्चित पदावधिभन्दा कम समयको लागि नियुक्त गरेको वा "बढीमा" भन्ने शब्दावली प्रयोग गरी केही समयावधिका लागि नियुक्त वा मनोनयन गरेको पदाधिकारीलाई अवकाश दिइएको विषय।

४. कुनै कानूनमा पदावधि उल्लेख नभएको तर अख्तियारवाला वा प्रशासनिक निर्णय ( Executive Order) बाट कुनै नियुक्ति पत्रमा निश्चित् कार्यकाल किटान गरी नियुक्त वा मनोनयन गरिएको पदाधिकारीलाई अवकाश दिइएको विषय।

५. कुनै कानूनमा पदावधि पनि तोकिएको छैन र कसैलाई अख्तियारवालाले कुनै पदमा नियुक्त वा मनोनयन गर्दा निश्चित अवधि वा कार्यकाल किटान समेत नगरी बढीमा भन्दै केही समयका लागि नियुक्त वा मनोनयन गरेकोमा त्यस्तो पदाधिकारीलाई अवकाश दिइएको विषय।

प्रस्तुत रिट निवेदन उपर्युक्तमध्ये पाँचौ अवस्थासँग सम्बन्धित रहेको भएपनि उपरोक्त सबै अवस्थाहरूसँग सम्बन्धित विषयवस्तु समावेश भएका अन्य कतिपय रिट निवेदनहरू यस अदालतमा परेका छन्। त्यसमा पनि त्यस्ता नियुक्ति वा मनोनयनको पृष्ठभूमितर्फ गहिरिएर विचार गर्दा देशमा हुने गरेको सरकार परिवर्तन वा सम्बन्धित विभागीय मन्त्री परिवर्तन सँगसँगै त्यस्ता विषयहरूसँग सम्बन्धित रिट निवेदनहरू बढी संख्यामा पर्ने गरेको पाइएको छ। जे जुन पृष्ठभूमि र अवस्थाको सन्दर्भमा रिट निवेदनहरू परे तापनि राजनीतिक विषयवस्तुमा प्रवेश नगरी शुद्ध कानूनी र न्यायिक आधारमा यस अदालतले निर्णय वा आदेश गर्नुपर्ने हुन्छ। यसमा कुनै विवादको ठाउँ छैन।

उपर्युक्त अवस्थाहरू मध्ये १ र २ को अवस्थाका पदाधिकारीको कार्यकाल समाप्त नहुँदै वा कानूनबमोजिमको प्रक्रिया अपनाई कारवाही नगरी हटाइएको अवस्थामा त्यस्ता पदाधिकारीबाट पर्न आएको रिट निवेदनमा प्रत्यक्ष कानूनी त्रुटि (Apparent error of Law) अथवा प्राकृतिक न्यायको बेवास्ता गरिएको (Violation of Natural Justice) आधारमा भएको निर्णय वा अर्को व्यक्तिलाई सोही पदमा नियुक्त गरिएको निर्णयको कार्यान्वयन रोक्का राख्ने गरी यस अदालतबाट अन्तरिम आदेश (Stay Order) जारी हुने र सोहीअनुरुप अन्तिम आदेश जारी हुने गरेको देखिन्छ। रिट नं. ०६७-WO-१२३३, WO-११५०, २०६८ को रिट नं. WO- ३३८, २०६७ को रिट नं. WO-१११४ र २०६८ को रिट नं.WO-४३७ यसका केही उदाहरण हुन्। यी रिट निवेदनहरूमा यस अदालतबाट अन्तरिम आदेश वा अन्तिम आदेश गर्दा पनि समान दृष्टिकोण अपनाउने गरिएको पाइन्छ।

अन्य अवस्थाको हकमा भने फरक-फरक रिट निवेदनहरूमा फरक-फरक तथ्य र अवस्था समेतको आधारमा फरक-फरक प्रकारको आदेश वा निर्णय हुने न्यायिक प्रचलन (Judicial Trend) रहेको पनि पाइएको छ। उदाहरणका लागि रिट नं. ०६८-WO-०९४ निवेदक श्रीहर्ष कोइराला भएको रिट निवेदनमा निश्चित अवधि दुई वर्षका लागि कार्यकारी निर्देशक पदमा नियुक्त गरेकोमा कुनै कानूनी आधार वा उपयुक्त कारण उल्लेख नगरी निजलाई सो पदबाट अवकाश दिएको भन्ने आधारमा सो निर्णय कार्यान्वयन नगर्न यस अदालतको संयुक्त इजलासबाट मिति २०६८।९।१३ मा अन्तरिम आदेश जारी भएको रहेछ। यस्तै २०६८ को रिट नं. ११८ निवेदक सुरेन्दप्रसाद चौरसियाको निवेदनमा र रिट नं. WO-३३८ निवेदक शंकरप्रसाद कोइरालाको निवेदनमा कुनै कानूनले कार्यकाल निर्धारित नगरेको भएपनि सफाइको मौका नदिई हटाएकोलाई सुशासनको अवधारणाविपरित भएको भन्ने आधारमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६८।४।१५ मा अन्तरिम आदेश जारी भएको रहेछ। यस्तै ०६७ को रिट नं. WO १०९२ निवेदक निर्मलप्रसाद यादव भएको निवेदनमा Principle of Fair Justice को आधारमा संयुक्त इजलासले अन्तरिम आदेश जारी गरेको देखिन्छ।

उपर्युक्त उल्लिखित अवस्थाहरूको विपरीत सम्बन्धित ऐनले पाँच वर्षको पदावधि किटान गरेको भएपनि नियुक्ति वा मनोनयनपत्रमा बढीमा पाँच वर्षसम्म भनी नियुक्त वा मनोनयन गरिएकोमा सो पाँच वर्ष नपुग्दै अख्तियारवालाले पदबाट हटाउन पाउने भनी रिट नं. ०६३ WO--३४९५ निवेदक गोविन्द

चित्रकार भएको रिट निवेदन खारेज भएको रहेछ। यस्तै निवेदक राजेशराज दली भएको २०६२ को रिट नं. WO–३१३२ को निवेदनमा पनि बढीमा ४ वर्षको पदावधि भनी पदावधि संशोधन गरिएकोले सोभन्दा अगावै हटाइएकोमा रिट जारी नभई यस अदालतबाट मिति २०६३।६।२६ मा निवेदन खारेज भएको देखिन्छ। यस्तै २०६६ को रिट नं. WO–२६४ (*नेकाप* २०६८, पृ.८०७) मा निर्देशिकाबमोजिम चार वर्षको पदावधि किटान नगरी बढीमा चार वर्षको लागि भनी नियुक्त गरिएको र सो अवधि व्यतीत नहुँदै हटाइएकोमा दायर भएको रिट निवेदन समेत खारेज भएको रहेछ।

यसप्रकार, यस अदालतबाट कानूनमा पदावधि तोकिएको भए पनि बढीमा भन्ने शब्दावली प्रयोग गरी नियुक्त वा मनोनयन भएको व्यक्तिलाई सोभन्दा अगावै हटाएको निर्णयउपर परेका अनेक रिट निवेदनमा अन्तरिम आदेश पनि जारी भएको देखिँदैन। संवत् २०६६ को रिट नं. १०४९ निवेदक हरिगोविन्द लुईटेलको उत्प्रेषण निवेदनमा यस अदालतको संयुक्त इजलासबाट विस्तृत व्याख्या भई एक न्यायाधीशको इजलासले दिएको अन्तरिम आदेश मिति २०६७।३।१ मा खारेज गर्ने आदेश भएको छ। सोही आदेशलाई यस अदालतको पूर्ण इजलासले पनि मिति २०६७।४।१० मा निरन्तरता प्रदान गरेको पाइन्छ। यसमा पनि प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६(२) मा प्रेस काउन्सिलको सदस्यको पदावधि चार वर्ष रहे पनि निवेदकलाई "बढीमा ४ वर्षको लागि" नियुक्त गरिएको र सो चार वर्षे अवधि व्यतीत नहुँदै निजलाई हटाइएउपर उक्त रिट निवेदन दायर भएको थियो।

निवेदक महेश दत्त भएको २०६७ को रिट नं. WO-११११ को मुद्दामा पनि निवेदकलाई महाप्रबन्धकमा बढीमा ४ वर्षका लागि नियुक्त गरिएको र खानेपानी संस्थान ऐन, २०४६ को दफा ११(३) ले अध्यक्ष र महाप्रबन्धकको पदावधि नेपाल सरकारले तोकेबमोजिम हुने भन्ने व्यवस्था गरिएकोले एक न्यायाधीशको इजलासबाट जारी गरिएको अन्तरिम आदेशलाई निरन्तरता नदिने गरी संयुक्त इजलासबाट मिति २०६८।३।१ मा अन्तरिम आदेश जारी नभएको अवस्था देखियो। उक्त मितिको आदेशमा समेत निवेदक लवकुमार थापा वि. मन्त्रिपरिषद् सचिवालय भएको रि.पु.ई.नं. १७८ को उत्प्रेषण मुद्दामा कानूनले स्पष्ट पदावधि किटान नगरेको पदबाट नियुक्त गर्ने निकाय नेपाल सरकारले अवकाश दिन नपाउने भन्न नमिल्ने भनी यस अदालतको पूर्ण इजलासबाट पहिला प्रतिपादित सिद्धान्त समेतलाई आधारको रुपमा उल्लेख गरिएको पाइन्छ।

यसका अतिरिक्त माथि उल्लेख गरिएको चौथो र पाँचौ अवस्थासँग सम्बन्धित रिट निवेदनहरूको सम्बन्धमा विचार गर्दा कानूनमा नै पदावधि किटान नगरिएकोमा नियुक्तिपत्रमा अवधि किटान गरी नियुक्त गरिएको पदाधिकारीको हकमा अन्तरिम आदेश जारी गर्न नमिल्ने भनी यस अदालतको संयुक्त इजलासबाट २०६८ को रिट नं. WO-४९८ र ४७२ समेतको उत्प्रेषण निवेदनमा मिति २०६८।९।१७ मा आदेश भएको देखिन्छ।

यसरी यस अदालतबाट अन्तरिम आदेश जारी हुने गरेको न्यायिक प्रचलन हेर्दा कानूनमा नै कार्यावधि तोकी नियुक्त गरिएकोलाई कानूनी प्रक्रियाबेगर निर्धारित अवधि समाप्त नहुँदै हटाएको वा अवकाश दिएकोलाई एकै प्रकारले हेर्ने गरिएको पाइन्छ भने कानूनमा पदावधि नतोकिएको तर निश्चित् समयमावधिका लागि नियुक्त वा मनोनयन गरिएकाको हकमा भने अवस्थाअनुसार फरक-फरक ढंग र दृष्टिकोणबाट हेर्ने गरिएको देखिएको छ। यस अदालतले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ अन्तर्गत असाधारण अधिकारक्षेत्र प्रयोग गर्दा खास गरेर उत्प्रेषणको निवेदनमा जुन निर्णयलाई चुनौती दिएर निवेदन परेको छ त्यसको कानूनी त्रुटि र सो निर्णय गर्ने पदाधिकारी वा निकायको अधिकारक्षेत्रात्मक त्रुटि Apparent Error on the Face of Record & Jurisdictional Error मुख्य रुपले हेर्नुपर्ने हुन्छ। प्रत्यक्ष कानूनी त्रुटि भन्नाले रिट निवेदनको अध्ययन गरेर वा त्यसमा उल्लिखित तथ्य र घटनाक्रमको विश्लेषण गरेर सो त्रुटि निकालिने वा पत्ता लगाउने होइन। न त पक्षको तर्फबाट प्रस्तुत गरिएको बहसको मनन गरी कुनै कानूनी त्रुटि भएको भन्ने कुरामा विश्वस्त हुनु हो। अपितु हेर्ने वित्तिकै त्यहाँ कानूनी त्रुटि देखिनु पर्ने हुन्छ। यो नै उत्प्रेषणको आदेश जारी हुने पहिलो र महत्वपूर्ण तत्व हो। त्यसकारण पदावधिसम्बन्धी विषयवस्तु समावेश

भएका रिट निवेदनहरूमा सो पदावधि कानूनले निर्धारित गरेको हो होइन भनी हेर्नुपर्ने पहिलो कुरा हो । त्यसैले कानूनले निर्धारित गरेको पदावधि र प्रशासनिक आदेशले किटेको पदावधिको हैसियत एउटै हुँदैन । यी दुवैलाई समान दृष्टिकोणले हेर्न मिल्ने देखिँदैन ।

यस अदालतले असाधारण अधिकारक्षेत्र प्रयोग गरी नागरिकको संवैधानिक र कानूनी हकको संरक्षण गर्नुपर्ने हुन्छ । कानूनी हक कुनै प्रशासनिक आदेशमा व्यक्त व्यहोराको आशयबाट प्रकट हुने होइन । सुशासन (Good Governance) को अवधारणा र वैधानिक अपेक्षाको सिद्धान्त (Principle of Legitimate Expectation) राम्रा र अनुकरणीय कुरा हुन् । तर तिनबाट कानूनी हकको सिर्जना भने हुँदैन । कानूनी हक भन्नाले कानूनले प्रदान गरेको हक हो । कुनै पदाधिकारीको पदावधि कानूनले तोकेको छ र कुनैको प्रशासनिक आदेशले तोकेको छ भने दुवैको हैसियत समान हुँदैन । दुवैले समान अधिकार र उपचारको अपेक्षा गर्न मिल्ने कुरा होइन ।

अन्तरिम आदेश नियमित कानूनी उपचार होइन । विशेष परिस्थितिमा कानूनी हकहरूको संरक्षण गर्न वा त्यसमाथि आईपर्ने अनधिकृत (Unauthorised) अतिक्रमणको सम्भावनालाई टार्न तात्कालिक उपायको रुपमा अदालतले अन्तरिम आदेश जारी गर्ने हो । कानूनी आधार बेगरको हकको संरक्षण गर्न वा औचित्य वा तर्कको आधारमा भन्दै अन्तरिम आदेशलाई नियमित बनाउँदै जाने पनि होइन । यसर्थ अन्तरिम आदेशको सम्बन्धमा पहिलो हेर्नु पर्ने कुरा हो- विवादित निर्णय वा आदेशमा प्रत्यक्ष कानूनी त्रुटि छ वा छैन । त्यसपछि अपूरणीय क्षति (Irreparable Loss or Damage) हुने स्थिति छ, छैन र सुविधा सन्तुलन (Balance of Convenience) को अवस्था कस्तो छ । अदालतले जहिले पनि प्रशासनिक निर्णय वा कार्यकारिणी निकायमाथि शंका गर्ने वा कार्यकारिणी विवेक (Executive Wisdom) माथि अविश्वास गर्ने होइन । अपितु कानून र कानूनको प्रक्रिया (Due Process of Law) को पालन भए नभएतर्फ न्यायिक सक्रियता केन्द्रित हुने गर्दछ ।

यस परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनको विषयवस्तुलाई हेर्दा यी रिट निवेदकलाई मिति २०६८।१।२३ को निर्णयानुसार गुठी संस्थानको सञ्चालक समितिको कार्यकारी अध्यक्षमा नियुक्त गरिएको र २०६८।७।१८ गते निजलाई कार्य गरेको अवधिको लागि धन्यवादका साथ अवकाश दिइएको देखिन्छ । सो अवकाशपत्रबाट निजलाई कुनै आरोप लगाई निजलाई हटाएको नभई अवकाश दिएको सम्म देखिन्छ । गुठी संस्थान ऐन, २०३३ को दफा ९ ले गुठी संस्थान सञ्चालक समिति गठनको कानूनी व्यवस्था गरेको छ । सोही दफाको उपदफा (१) को खण्ड (क) ले नेपाल सरकारले तोकेको एकजना व्यक्ति अध्यक्ष हुने व्यवस्था गरेको छ भने विभिन्न मन्त्रालयका अधिकृतहरूलाई सदस्यको रुपमा रहने व्यवस्था अन्य खण्डहरूमा गर्नुका साथै दफा ९(१) को खण्ड (च) मा विभिन्न क्षेत्रमा अनुभव प्राप्त तीनजना व्यक्तिलाई सदस्यको रुपमा राख्नु पर्ने व्यवस्था गरिएको छ । सोही दफा ९ को उपदफा (३) ले उपदफा (१) को खण्ड (छ) बमोजिम मनोनीत सदस्यको कार्यावधि तीन वर्षको हुने भनी व्यवस्था गरेको छ । सोही ऐनको दफा १२ को खण्ड (घ) ले दफा ७ को उपदफा (४) र दफा ९ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्याँशबमोजिम नेपाल सरकारले कुनै सदस्यको सट्टा अरुलाई नै मनोनीत गरेमा सदस्यको पद समाप्त हुने भन्ने व्यवस्था गरेको छ ।

गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (ख) ले अध्यक्ष र खण्ड (ख२) ले सदस्य तथा (ख३) ले प्रशासकको परिभाषा गरेको छ । अर्थात ऐनले सदस्य र अध्यक्ष भिन्ना भिन्नै व्यक्ति भएको भन्ने व्यवस्था गरेको छ र सदस्य भन्नाले अध्यक्ष समेत जनाउने भन्ने छैन । यस्तो अवस्थामा उक्त ऐनको दफा १२ को खण्ड (घ) अनुसार नेपाल सरकारले कुनै सदस्यको सट्टा अरुलाई नै मनोनीत गरेमा मात्र सदस्य कायम नरहने भन्ने व्यवस्था दफा ९(१)(क) अनुसार मनोनीत अध्यक्षको हकमा लागू हुने स्थिति छैन । साथै सोही दफा ९ को उपदफा (३) द्वारा अध्यक्षको पदावधि नकिटिएकोले निजको निश्चित् पदावधि कानूनमा व्यवस्था नभएको स्थिति देखिन आउँछ । कानूनमा पदावधि उल्लेख नगरिएको र उल्लेख गरिए पनि सोभन्दा कम समयका लागि गरिएको नियुक्ति स्वीकार गरी वा बढीमा केही समयको लागि भनी दिइएको नियुक्ति वा गरिएको मनोनयन स्वीकार गरी

पदभार ग्रहण गरेको पदाधिकारीले कानूनमा भएको व्यवस्थाअनुसार निश्चित अवधिका लागि नियुक्त वा मनोनीत भएका पदाधिकारी सरह कानूनी संरक्षण प्राप्त गर्न सक्ने देखिँदैन ।

यस्तो व्यवस्थामा यस्तै विषयवस्तु समावेश भएको रि.पु.ई.नं. १७८ मा प्रतिपादित कानूनी सिद्धान्त तथा यस अदालतबाट २०६८ को रिट नं. ४९८ र ४७२ लगायतका अनेक मुद्दामा भएका र हुने गरेका आदेशहरूबाट अन्तरिम आदेशको सम्बन्धमा स्थापित हुँदै गएको न्यायिक प्रचलन (Judicial Trend) समेतलाई दृष्टिगत गर्दा सम्बन्धित कानूनमा पदावधि नकिटिएको र बढीमा दुई वर्षको लागि भनी यी निवेदकलाई नियुक्त गरिएको हुनाले निजलाई अख्तियारवाला नेपाल सरकारको मिति २०६८।६।१ को निर्णयानुसार मिति २०६८।७।१८ को पत्रबाट अवकाश दिएको देखिँदा अरु कुराहरूको सम्बन्धमा यस रिट निवेदनको अन्तिम निर्णयबाट बोलिने हुँदा अहिले अपूरणीय क्षति र सुविधा सन्तुलन समेतको दृष्टिकोणबाट हेर्दा यी निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने देखिएन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम्

## एकल इजलास

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६८ सालको रिट नं. ००१५, बन्दीप्रत्यक्षीकरण, *गणेश काफ्ले वि. बन्दना राठौर पराजुली समेत*

बहुविवाहको विषयमा प्रहरीमा उजूरी परी अनुसन्धानको लागि कानूनबमोजिम जिल्ला अदालतमा म्याद थप भएको भन्ने कुरा निवेदिका स्वयंले स्वीकार गरिसकेपछि सो विषयमा थप अनुसन्धानको लागि म्याद थपको अनुमति लिनुपर्ने हुँदा सोबमोजिमको कारवाही अगाडि बढिरहेको अवस्थामा सो अनुसन्धानको प्रक्रियालाई अवरूद्ध हुने गरी साधारण अधिकारक्षेत्रअन्तर्गतको कारवाहीमा असाधारण अधिकारक्षेत्रअन्तर्गतको बन्दीप्रत्यक्षीकरणको रिटबाट हस्तक्षेप गर्नुपर्नेसम्मको अवस्था विद्यमान देखिएन । यसका अतिरिक्त पेशी तारिखमा रहेका निवेदिकाको पतिलाई इजलासबाट पटक-पटक पुकार गर्दा समेत उपस्थित हुन नआई आफैंले दायर गरेको रिट निवेदन जिकीरप्रति उदासीन रहेको देखिएको हुँदा बन्दी संगीता लामिछानेको थुनाको औचित्यका सम्बन्धमा बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्नु पर्ने अवस्था विद्यमान नदेखिने ।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६८ साल भदौ २३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०२३५, उत्प्रेषण परमादेश, *सखिचन यादव वि. नन्दू महतो समेत*

फैसला कार्यान्वयनका लागि निवेदन परेपछि सोलाई अवरूद्ध गरिने क्रियाकलापलाई संरक्षण दिँदै जाने हो भने फैसला अन्तिमताको सिद्धान्त कायम रहन नसक्ने स्थिति सिर्जना हुन जान्छ । थुनामा राखी बिगो असूल गरिपाऊँ भनी यी निवेदक विरूद्ध निवेदन परेपश्चात् यिनै निवेदक समेतउपर परेको अंश मुद्दा नटुङ्गिदासम्म फैसला कार्यान्वयन रोक्ने हो भने त्यस्तै अन्य मुद्दा समेत पर्दै जाने सम्भावनालाई इन्कार गर्न सकिँदैन । तह-तहबाट निर्णय भई जितिपाएको फैसला कार्यान्वयन हुन नसक्दा सोको परिणति न्याय प्राप्ति अवरूद्ध हुन जान्छ । तसर्थ यी निवेदक विरूद्ध पछि परेको अंश मुद्दाको कारणबाट फैसला कार्यान्वयन रोक्न मिल्ने समेत देखिन नआउने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल भदौ ३० गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०४०२, उत्प्रेषण परमादेश, *रामबहादुर बोगटी वि. राजकुमार अधिकारी समेत*

जाहेरवालाबाट निवेदकले लिएको रकम र सोको ब्याज समेतको बिगो जाहेरवालाले भरिपाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट फैसला भएको र सो फैसलाउपर यी निवेदक प्रतिवादीले पुनरावेदन नगरी अन्तिम रहेको देखिन्छ । हालसम्म निवेदकले उक्त फैसलाअनुसारको बिगो नबुझाएको र उक्त फैसलाअनुसारको बिगो बुझाउने सम्बन्धमा कुनै चेष्टा समेत गरेको देखिँदैन । यदि फैसलाअनुसारको

बिगो बुझाएमा अदालतले बिगो भराउ सम्बन्धमा लिलामको कारवाही नगरी मिसिल तामेलीमा राखी दिने, तर बिगो दाखिला नगरेको अवस्थामा फैसला कार्यान्वयनको सिलसिलामा अदालतमा मुद्दा चल्दाचल्दैको अवस्थामा पहिले नै रोक्का रहेको जेथाबाट फैसलाअनुसारको बिगो भरिभराउको काम गर्नुपर्ने हुन्छ । निवेदनमा उल्लिखित अवस्था बाहेक हुन लागेको लिलामी कारवाहीमा अन्य कुनै कानूनी त्रुटि रहेको भनी निवेदकले कुनै जिकीर लिएको नदेखिँदा एकपटक विधिवत् परीक्षण भई रिट नै खारेज भइसकेको स्थितिमा सोही विषयवस्तुलाई नै उठाई दायर भएको रिटमा सफा र शुद्ध हातको अभाव देखिनुका अतिरिक्त फैसला कार्यान्वयनको कार्यलाई रोक्ने गरी अनावश्यक रूपमा हस्तक्षेप हुने गरी अदालतबाट आदेश गर्नु न्याय र कानूनसंगत् पनि हुँदैन । अदालतबाट भएको सो आदेश एवं कामकारवाहीबाट निवेदकको संविधान एवं कानूनप्रदत्त हक अधिकारमा कुनै आघात पुगेको नदेखिएको एवं प्रथम दृष्टिमा सरसर्ती हेर्दा समेत त्यस्तो कामकारवाहीमा कुनै कानूनी त्रुटि रहेको देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिई प्रारम्भिक रूपमा नै प्रस्तुत निवेदनउपर कारवाही अगाडि बढाउनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल कात्तिक २९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६८ सालको रिट नं. ०४३६, उत्प्रेषणयुक्त परमादेश, *टंकप्रसाद आचार्य समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निर्माणाधीन द्रुतमार्गको निर्माण कार्य तत्काल रोकिदिन र सेनालाई भुक्तानी रोकिदिन अन्तरिम आदेशको माग भएको प्रस्तुत रिट निवेदनमा उचित र पर्याप्त आधारका अभावमा विकास निर्माणका कार्य नै अवरूद्ध हुने गरी सो आदेश जारी गर्ने स्थिति देखिएन । कानून विकासको सहायक हो, विनाशक होइन ।

कतिपय मुद्दामा अन्तरिम आदेश जारी नहुँदा काम नरोकिने भई सो अगाडि बढ्दै जाँदा रिट निवेदन नै प्रयोजनहीन हुन पुग्दछ । साथै कुन खर्च नियमित कुन अनियमित भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेतको क्षेत्राधिकारको विषयमा ती निकाय विधिवत प्रवेश गर्ने वैकल्पिक मार्ग निवेदकहरूलाई रहेकै देखिँदा प्रस्तुत रिट निवेदनमा कारण देखाउ आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल मंसिर ८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०४८१, उत्प्रेषणयुक्त परमादेश, *रेनुका कार्की(थापा) वि. राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र, टेकु, काठमाडौं समेत*

निवेदिकाले वैकल्पिक उपचारको व्यवस्था भएको कुरा परोक्ष रूपमा स्वीकार गर्दै सो प्रभावकारी नभएको घोषणा गर्दै असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको पाइन्छ । कुनै उपचार प्रभावकारी किन र कसरी छैन निवेदकले आधार र कारण दिनैपर्ने हुन्छ । निवेदनमा यस्ता कारण देखाइएको छैन । अन्य उपचार प्रभावकारी छैन भन्ने कुराको निवेदकले स्वघोषणा गर्नु नै पर्याप्त हुँदैन । सार्वजनिक खरीद ऐनको दफा २६ (२) तथा बोलपत्र आव्हान गर्दाको सूचनाको दफा १२ ले समेत प्राप्त सबै बोलपत्रहरू सारभूत रूपमा प्रभावग्राही नभएको अवस्थामा त्यसरी प्राप्त बोलपत्रहरू अस्वीकृत गर्न सक्नेछ भन्ने स्पष्ट व्यवस्था भएकोले पर्न आएका सम्पूर्ण बोलपत्र अस्वीकृत गरी पुनः बोलपत्र आव्हान गर्नसक्ने नै देखिँदा निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन । निवेदकले पुनः बोलपत्र पेश गर्नसक्ने नै हुँदा निजको मौलिक हकमा प्रतिकूल असर परेको मान्न मिल्दैन । तसर्थ उल्लिखित आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल मंसिर २० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६८-WO-०३९२, उत्प्रेषण, *श्रीदेव शर्मा अर्याल वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

निवेदकले विरूवा लगाएको भन्ने नाताले मात्र सरकारी निकायले सडक विस्तार गर्न थालेको कार्यलाई रोकी पाउन निवेदन दिने निवेदकको कुनै सार्थक हक र सरोकार रहन्छ भन्न मिल्ने अवस्था नरहने ।

निवेदकले सार्वजनिक खाली जग्गामा विभिन्न जातका बोटविरूवा लगाई हुर्काई वातावरण संरक्षण गर्ने कार्य गरेको हो भने सोका लागि पुऱ्याएको योगदान प्रशंसनीय भए पनि अहिले सडक विस्तार गर्न खोजेको उक्त जग्गामा समयको मागअनुसार सवारीको चापलाई व्यवस्थित गर्न भइरहेको सडकक्षेत्रलाई विस्तार एवं सुधार गर्न आवश्यक मात्र नदेखिई वाञ्छनीय समेत छ । यसो भएबाट काठमाडौं उपत्यकाको सडकको अवस्थालाई सुधार गरी बढ्दो सवारी चापलाई सुव्यवस्थित गर्ने प्रयोजनको लागि थालेको उपरोक्त विकास निर्माणको काम कारवाहीलाई अवरूद्ध पार्ने गरी अदालतबाट हस्तक्षेप गर्दा विकास र निर्माण अवरूद्ध हुन जाने भई सार्वजनिक हितभन्दा सार्वजनिक अहितलाई प्रवर्द्धन हुन जाने ।

कानून र विकासका बीच अन्तरद्वन्द्व देखिए कानूनको ठाडो उल्लंघन भएकै अवस्थामा बाहेक अदालत सदैव विकासको पक्षमा उभिनु पर्दछ । सार्वजनिक हितका लागि भनी दायर यो रिट निवेदन रूख काटिनबाट जोगाउने माग गर्दछ । रूख काटिनबाट जोगाई हुने सार्वजनिक हित र बाटो चौडा गरी हुन जाने सार्वजनिक हितमा छनौट गर्नु पर्दा सो गौशालाक्षेत्रमा बाटो चौंडा गर्दा हुने सार्वजनिक हित नै सर्वोपरि देखिने ।

निवेदकले रूख कटान गर्न रोकिपाऊँ भनी माग गरेको रूखहरू भएका भनिएको स्थान सडकक्षेत्रको देखिएको, उक्त स्थानमा सडक विस्तार गर्न थालिएको भन्ने देखिएको, सडक विस्तारको कार्यलाई रोकिपाऊँ भनी निवेदन दिने निवेदकको सार्थक हक रहेको समेत नदेखिनुको अतिरिक्त सडक विस्तार गर्नबाट रोक्ने गरी अदालतबाट हस्तक्षेप गर्दा विकास र निर्माणका मान्यताप्रतिकूल कदम हुन जाने अवस्था आउन सक्ने देखिँदा न्यायको विकासमैत्री सोच समेतको दृष्टिकोणबाट हेर्दा निवेदकको माग उचित र आवश्यक नदेखिने ।

कतिपय रिट निवेदनको प्रकृति हेर्दा अन्तरिम आदेश जारी नगरी कारण देखाउ आदेश मात्र जारी गर्दा निवेदनको प्रयोजन हुदैन । अन्तरिम आदेश जारी नहुँदा कामकारवाही रोक्नु नपर्ने भई सो अगाडि बढाउन प्रत्यर्थीहरूलाई रोक हुँदैन । काम समाप्त नै भइसकेपछि रिट निवेदनको प्रयोजन नै हुँदैन । सुविधा सन्तुलन, अपूरणीय क्षति, कानूनको ठाडो उल्लंघन र कार्यपालिकीय कामकारवाही तथा निर्णयमा प्रकट रूपमा पूर्वाग्रह तथा दूषितता प्रष्ट देखिएको अवस्थामा जारी हुने अन्तरिम आदेश जारी हुन नसक्ने स्थिति प्रस्तुत निवेदनमा भएबाट प्रस्तुत विवाद अगाडि बढाइरहन आवश्यक नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल कात्तिक २९ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री भरतराज उप्रेती**, ०६८-WO-०३७२, उत्प्रेषणयुक्त परमादेश, *धनबहादुर विश्वकर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विधायिकी ऐनबमोजिम गठित समिति नभई मन्त्रिस्तरीय निर्णयबाट ६ महिनाको लागि खडा भएको समितिको अध्यक्ष पदमा यी निवेदकलाई मन्त्रिस्तरीय निर्णयबाट नियुक्त गरिएको र विभागीय मन्त्रिस्तरीय निर्णयले निवेदकलाई पदमुक्त गरेको अवस्था देखिन आएकोले नेपालको अन्तरिम संविधान, २०६३ वा अन्य प्रचलित नेपाल कानूनले यी निवेदकलाई प्रदान गरेको संवैधानिक वा कानूनी हकमा निवेदकले बदर गर्न माग गरेको मिति २०६८।७।६ को उक्त निर्णयले आघात पारेको भन्न नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल कात्तिक १८ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-००१५, उत्प्रेषणयुक्त प्रतिषेध, *अकुरकुमार विष्ट क्षेत्री वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

निवेदकले उद्योग दर्ता गर्दाको अवस्थामा वन तथा भू-संरक्षण मन्त्रालयबाट मिति २०५४।७।२६ गते मन्त्रिस्तरबाट वन संरक्षणका दृष्टिकोणबाट स-मील

तथा इट्टा भट्टाहरू सञ्चालन गर्न गराउनका लागि तराईमा वनक्षेत्र भन्दा ५ किलोमिटर र सोभित्र नपर्ने गरी अन्य क्षेत्रका हकमा ३ किलोमिटरभित्र नपर्ने गरी सञ्चालन गर्ने गरी अनुमति प्रदान गरिने भन्ने निर्णय एवं नीति कायम रहेकोमा सो नीति स्वीकार गरी २०६३।११।११ भन्दा अगावै मिति २०६३।५।१३ मा उद्योग दर्ता गरेको देखिएको स्थितिमा वन तथा भू-संरक्षण मन्त्रालयका राज्यमन्त्रीको मिति २०६३।११।११ को निर्णयको आधारमा लगानी गरिएको हो भनी लिएको जिकीर तर्कसंगत देखिन आएन । यसरी वन तथा भू-संरक्षण मन्त्रालयका राज्यमन्त्रीको मिति २०६३।११।११ को निर्णयले अख्तियार गरेको नीतिअनुसार निवेदकको उद्योग स्थापना भएको नभै पूर्वनीति कायम रहेको अवस्थामा स्थापना भएको देखिएकाले सोही पूर्व नीतिलाई निरन्तरता दिने गरी आयोगबाट भएको मिति २०६५।८।३० र २०६६।७।२५ को निर्देशन हालसम्म कायम नै रहिरहेको स्थितिमा उक्त आयोगको मिति २०६७।१।२६ को परिपत्रअनुसार वन तथा भू-संरक्षण मन्त्रालयका राज्यमन्त्रीले गरेको मिति २०६३।११।११ को निर्णयानुसार दर्ता भएका उद्योगहरूको इजाजत रद्द गर्न गराउन वन तथा भू-संरक्षण मन्त्रालय तथा उद्योग मन्त्रालयमा लेखी पठाउने भन्नेसम्म निर्णय भएको देखिएकोले माग दावीबमोजिम इजाजतपत्र रद्द भइसकेको स्थिति नहुँदा समेत कारण देखाउ आदेश जारी गरिरहनु पर्ने अवस्था देखिएन । अतः निवेदन दावीअनुसार कारण देखाउ आदेश जारी गरी विपक्षीहरूलाई झिकाई निवेदनउपर कारवाही गरिरहन पर्ने नदेखिएकाले प्रथम दृष्टिमा नै रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल साउन ११ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-WO-००१६, उत्प्रेषणयुक्त प्रतिषेध, *श्यामप्रसाद ढकाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*
- ०६८-WO-००१७, उत्प्रेषणयुक्त प्रतिषेध, *विविध बानिया वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

९

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८ सालको रिट नं. ०३२०, उत्प्रेषणयुक्त परमादेश, *केशवराज भट्ट वि. लोकनारायण झा समेत*

प्रवेशपत्र बिना पनि प्रवेश परीक्षामा सामेल गराउने विपक्षी त्रिभुवन विश्वविद्यालयको कार्य नै निवेदकप्रति देखाएको उदारता हो । परीक्षामा उत्तीर्ण हुने वा नहुने भन्ने परीक्षार्थीको सक्षमतामा निर्भर रहने विषय हो । प्रवेश परीक्षाको परीक्षाफलमा नाम ननिस्केको कारण मौलिक हक हनन् भएको भन्ने भनाइको कुनै सान्दर्भिकता तथा औचित्यता देखिन आउँदैन । यस्तो स्थितिमा उक्त प्रवेश परीक्षामा सामेल गराइएका यी रिट निवेदकको प्रवेशपत्र परीक्षा केन्द्रमा समयमा नपुऱ्याइदिएको कारणले मात्र निजलाई दावी गरेको एम.एस.सी. तहमा भर्ना दिनु भनी भन्न सकिने समेत नहुनाले विपक्षीहरूबाट लिखित जवाफ माग गर्नुपर्नेसम्म पनि औचित्य देखिन नआउने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम् ।

**मेलमिलाप गरौं, विवाद नबढाऔं**

**– सर्वोच्च अदालत, मेलमिलाप समिति**